जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक २१४ • २०८१ साल पुस १५ गते सोमबार (30 December, Monday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# संसद बोलाउन जसपा नेपालको माग

## अर्थमन्त्रीको ब्रीफिंग, टेण्डर प्रक्रिया सुरु भइसकेको दाबी

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारुढ दलबीच समन्वयको अभाव भइरहेको बेला मुख्यमन्त्री सतीश कुमार सिंहले अर्थमन्त्री सुनिल कुमार रायलाई सोधेको स्पष्टीकरण स्टन्टबाजी रहेको आरोप लगाइएको छ।



जनता समाजवादी पार्टी(जसपा)नेपाल मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका निवर्तमान मुख्यमन्त्री सरोज कुमार यादवले अर्थमन्त्रीले असहयोग गरे सोझै हटाउने अधिकार भएका मुख्यमन्त्रीले स्टन्टबाजी गर्न पत्र काटेको आरोप लगाए।

निवर्तमान मुख्यमन्त्री यादवले भने, 'मुख्यमन्त्रीले चाहेको बखत मन्त्रीलाई बर्खास्त गर्न सक्छन्' उनले अघि थप्दै भने, मन्त्रीलाई स्पष्टीकरण सोध्ने र ब्रीफिंग लिने काम स्टन्टबाजी बाहेक केही होइन।

तर मुख्यमन्त्री सिंहले अर्थमन्त्री रायसित मन्त्रालयको प्रगति, गर्नुपर्ने कामकाजलगायतको विषयमा लिखित जानकारी मात्र मागेको बताए।

'विकास निर्माण सम्बन्धी ठूला योजनाहरुको टेण्डर प्रक्रिया अगाडि बढेको छ ' उनले भने, साना योजनाहरुको हकमा दलहरुसित समन्वय भइरहेको छ।

प्रदेशसभाको बैठक पहिले पनि स्थगन र सञ्चालन हुने गरेको अहिले बजेट अधिवेशन सकेर विधेयक अधिवेशन बोलाउने तयारी भइरहेको उनले बताए।

जसपा नेपालले विगत लामो समयदेखि अवरुद्ध रहेको प्रदेशसभाको बैठक तत्कालै सुचारु गर्न माग गरेको छ।

जसपा नेपालको आइतबार बसेको संसदीय दलको बैठकमा प्रदेशसभा वैठकदेखि विकास निर्माणको खर्च सम्बन्धी छलफल भएको जसपा नेपालका निवर्तमान मुख्यमन्त्री यादवले सरकार जनसरोकारको विषयलाई वेवास्ता गरेकाले दलहरुप्रति आक्रोश बढ्न थालेको बताए।

केन्द्रीय उपाध्यक्षसमेत रहेका पूर्वमुख्यमन्त्री लालबाबु राउतले छलफल सम्बन्धी जानकारी दिँदै विगत लामो समयदेखि प्रदेशसभाको बैठक किन बस्न नसकेको र यसका लागि दलहरु सचेत किन नभएको भन्दै यस विषयलाई गम्भीर रुपमा उठान गरिएको बताए।

आर्थिक वर्ष ०८१/०८२ को बजेट अहिलेसम्म खर्च हुन नसक्नु दुःखद रहेको उनले बताए। 'बजेट अन्तर्गत अहिलेसम्म शून्य खर्च भएको छ, कार्यान्वयन किन नभएको, विकास निमार्णको बजेट ६ महिनासम्म शून्य रहेको छ' उनले भने, '६ महिना देखि कृषि विश्वविद्यालयका कर्मचारीहरुले तलव पाउन सकेका छैन। नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न कसले रोकेको छ ?'

विकास निर्माणको काम नगरेर प्रदेशलाई बदनाम गरेको, संघीयता विरोधीहरुको जमातले जानी जानी खेल गरिरहेको उनले आरोप लगाए । सरकार र सरकारमा सहभागी दलको ध्यानाकर्षण गराउन बैठक बसेको उनले बताए। नेता राउतले सिरहाको समानुपातिक सांसद साहीदा खातुनमाथि सांघातिक आक्रमण भएको बताउँदै भने, तर त्यसको मुद्दा समेत दर्ता भएको छैन। प्रदेशसभा बैठक नचलेकोले उनका पक्षमा आवाज समेत उठाउन नसकेको उनले दुखेसो पोखे।

मुख्यमन्त्री सिंहले अर्थमन्त्री रायलाई पत्र काट्नु मुख्यमन्त्रीको सस्तो प्रचारबाजी मात्र रहेको नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णा यादवले बताए। 'मुख्यमन्त्रीले आफ्ना कमजोरीहरु ढाकछोप गर्न यस्ता कार्य गरेका छन्' उनले भने, अर्थमन्त्रीको कारण प्रदेशको काम रोकिएको होइन।

प्रदेश सरकारको कामकाज सुस्त भएको सम्बन्धमा कार्तिक महिनामा जनमत पार्टी मधेश प्रदेशका संसदीय दलका नेता महेशप्रसाद यादवको अग्रसरतामा सत्तारुढ दलका नेताहरुको बैठक बसेको थियो। अर्को बैठकमा मुख्यमन्त्री सिंहलाई अनिवार्य रुपमा राखेर छलफल गरिने बताइए पनि हालसम्म बैठक बसेको छैन।

मधेश प्रदेश सरकारको नेतृत्व जनमत पार्टीले गरिरहेको छ ।सरकारमा नेकपा एमाले, नेपाली काँग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको सहभागिता रहेको छ।

जनमत पार्टीले कांग्रेसको मुख्यमन्त्री रहेकाले समयमै कामकाज गर्न कठिनाइ भइरहेको आरोप लगाउँदै आएको छ। तर नेपाली कांग्रेसले मुख्यमन्त्री सिंह आफ्ना कमजोरीहरु लुकाउन अनेकथरि गरिरहेको आरोप लगाइएको छ।

सरकारले हालसम्म गति लिन सकेको छैन । प्रदेशको गौरवका योजनाहरु मध्येको मधेश कृषि विश्वविद्यालय र मधेश विश्वविद्यालयलाई धराशायी बनाएको छ। जनमत पार्टीले विगतमा उठाएका मागहरु समेतलाई सम्बोधन गर्न उदासीन रहेको आरोप जसपा नेपालले लगाएको छ।

**Janakpur Neuro Hospital and Research Center Pvt. Ltd.**
Janakpurdham, Dhanusha

**Vacancy Announcement**



Janakpur Neuro Hospital and Research Center invites application for the following posts from the qualified Neaplese citizen with the following required document by 13 January 2025 the application can be submitted directly to hospital administration or through email at neurohospital.janakpur@gmail.com

| S.N. | Position | Minimum Qualification | Required No. |
|---|---|---|---|
| 1 | Ward incharge | PCL, BSc, BN | 1 |
| 2 | PCL Staff Nurse | Staff Nurse (For ICU, HDU) | 5 |

- Minimum 6 months experience.
- Cover letter mentioning job tilte.
- Copy of all academic certificates with citizenship.
- Good communication skill.
- Able to handle pressure.
- Conact No. : 041-591584, 9801669434, 9814865000






प्रहरी हत्या प्रकरणः

# गुप्तचरका इन्स्पेक्टरसहित तीनजना सार्वजनिक

**टुडे समाचारदाता**



बारा । प्रहरी कर्मचारीको हत्यामा संलग्न रहेका राष्ट्रिय अनुसन्धान विभाग(गुप्तचर)का इन्सपेक्टरसहित तीन जनालाई पक्राउ गरी सार्वजनिक गरिएको छ । बाराको जितपुर सिमरा उपमहानगरपालिका-१ का राज कुमार रूम्बाको हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा महोत्तरी जलेश्वर नगरपालिका-३ घर भई बारामा कार्यरत गुप्तचरका इन्सपेक्टर श्रीकान्त तिवारीको पनि संलग्नता रहेको प्रहरीले जनाएको छ ।

तिवारीसहित बारा प्रहरीले जितपुर सिमरा उपमहानगरपालिका-१९ का २७ वर्षीय पुरूषोत्तम कुमार दास र २० वर्षीय ईन्द्रजित कुमार चौहानलाई पक्राउ गरी बारा प्रहरीले सार्वजनिक गरेको छ । जितपुर सिमरा उपमहानगरपालिका-११ स्थित बकुलिया देखि रमौली लोसन्डा जाने सडक छेउमा बागमती प्रदेश ०१-०२८ च ७६१६ नम्बरको कारमा राज कुमार पुस ६ गते बिहान मृत अवस्थामा फेला परेका थिए । सो कार गुप्तचरका इन्सपेक्टर तिवारीको रहेको छ ।

उनीहरुले कलैया जाने भनेर रुम्बालाई बोलाएको बाटोमा पिसाब फेर्न भनेर गाडी रोकेर टाउकोमा गोली हानेर हत्या गरेको बाराका एसपी महेन्द्र खड्काले जानकारी दिए । गोली दासले प्रहार गरेको बारा प्रहरीले जनाएको छ । घटनापछि रुम्बाको सुनको सिक्रि तथा झोला समेत दासले नै लिएर गएकोमा बारा प्रहरीले सो बरामद गरेको छ । तर हत्यामा प्रयोग भएको पेस्तोल भने भेटिएको छैन । हत्याको कारण अझै प्रष्ट हुन नसकेको बारा प्रहरीले जनाएको छ । 'उनीहरुबीच पुरानो रिसिइवी रहेको देखिएको,' एसपी खड्काले भने, 'गहना पनि लुटिएको छ, थप कारणबारे अनुसन्धान भइरहेको छ ।'

गुप्तचरका इन्सपेक्टरको हत्यामा कस्तो भूमिका थियो भन्नेबारे प्रहरीले बताउन चाहेनन् । एसपी खड्काले मृतकका परिवारले उनीविरुद्ध पनि किटानी जाहेरी दिएको बताए । यसका साथै उनले के कारणले सो कार रुम्बालाई दिए भन्ने विषयमा थप अनुसन्धानका लागि उनलाई पनि नियन्त्रणमा राखिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेकाहरुमाथि बारा जिल्ला अदालतबाट कर्तव्य ज्यान सम्बन्धी कसुरमा ७ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान बढाइएको बारा प्रहरीले जनाएको छ । मृतक रुम्बा सिमरा विमानस्थलमा कार्यरत रहेका थिए । सो घटनामा संलग्न रहेका केही व्यक्ति अझै फरार रहेको बारा प्रहरी स्रोत बताउँछ ।

# 'प्रदेशलाई नै बाल विवाह मुक्त बनाउने योजना'

**मनोज माझी**



राजविराज । सप्तरीको छिन्नमस्ता गाउँपालिकालाई बाल विवाह मुक्त वडा घोषणा गरिएको छ । छिन्नमस्तामा आइतबार आयोजित एक समारोह बीच पालिकालाई बालविवाह मुक्त घोषणा गरिएको छ ।

बाल विवाह मुक्त घोषणा हुने छिन्नमस्ता मधेश प्रदेशको तेश्रो पालिका हो । यसअघि मधेश प्रदेशको पहिलो र दोश्रो बाल विवाह मुक्त पालिका घोषणा हुने पालिका पनि सप्तरीकै छन् ।

यस अघि सप्तरीको सुरुंगा नगरपालिका र खडक नगरपालिका बाल विवाह मुक्त पालिका घोषणा भइसकेका छन् ।

मुख्यमन्त्री सतीशकुमार सिंहले बाल विवाहले निम्त्याउने स्वास्थ्य, पारिवारिक, सामाजिक तथा आर्थिक समस्याका बारेमा चर्चा गर्दै यसलाई रोक्न सबैले आ-आफनो क्षेत्रबाट योगदान गर्नु पर्नेमा जोड दिए ।

पालिकालाई बाल विवाह मुक्त बनाउन सफल भएकोमा छिन्नमस्तावासीलाई बधाई दिदैं उनले यसलाई कायम राख्न सबै पक्षको उत्तिकै जिम्मेवारी रहेको बताए ।

उनले मधेश प्रदेशलाई नै बाल विवाह मुक्त पालिका बनाउने योजना रहेको सुनाउँदै बाल विवाहले निम्त्याउने स्वास्थ्य, पारिवारीक, समाजिक तथा आर्थिक समस्याका बारेमा चलाइएको सचेतना अभियानलाई प्रभावकारी ढंगले अघि बढाइने जनाए ।

> "मुख्यमन्त्री सतीशकुमार सिंहले बाल विवाहले निम्त्याउने स्वास्थ्य, पारिवारिक, सामाजिक तथा आर्थिक समस्याका बारेमा चर्चा गर्दै यसलाई रोक्न सबैले आ-आफनो क्षेत्रबाट योगदान गर्नु पर्नेमा जोड दिए ।

नेपालको कानुनले विवाह गर्ने उमेर २० वर्ष तोकेको छ । त्यसैकारण घोषणा सभाको मुख्य नारा "नै करु वियाह के बात, बियाह करु बीस के बाद "(केटा केटीको उमेर २० वर्ष नपुगे सम्म विहेको कुरा न सोचौ न गरौ ) तय गरिएको गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले बताए ।

उनले पालिकामा शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा थप २२ करोड रुपैयाँ लगानी गर्ने योजना बनाइएको समेत जानकारी दिए । अभिभावकले समेत सन्तानको उमेर न पुगी बालविवाह नगर्न/न गराउने कतै भए सहभागी नभइ विरोध र अवरोध गर्ने प्रतिवद्धता जनाएपछि बालविवाह मुक्त पालिका घोषणा गर्न सहज भएको सेभ द सप्तरीका परियोजना संयोजक विष्णुकान्त देवले जनाए ।

घोषणा सभामा पालिका उपाध्यक्ष राजुदेवी यादव, प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडा, सेभ द चिल्ड्रेनका प्रतिनीधी एसबीर थारु मगर, सशस्त्र प्रहरी उपरिक्षक ज्ञानमणी पौडेल, वडाअध्यक्ष विजय यादवलगायतले बोलेका थिए ।

# विकास निर्माणको काम प्रकृतिमैत्री ढङ्गले गरौँ: उपप्रधानमन्त्री सिंह



काठमाण्डु । उपप्रधानमन्त्री एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंहले जलवायु परिवर्तनको असरबाट नेपाल प्रभावित भएको उल्लेख गर्दै विकास निर्माण गर्दा प्रकृतिको ख्याल गर्नुपर्नेमा जोड दिनुभएको छ ।

आइतबार सोलु दूधकुण्ड नगरपालिकाको प्रशासनिक भवनको शिलान्यास गर्दै उपप्रधानमन्त्री सिंहले जथाभावी विकास निर्माण गर्न नहुने उल्लेख गर्दै प्रकृतिलाई कम हानी गर्दै विकास निर्माण गर्नुपर्ने धारणा राख्नुभयो ।

"विकास निर्माण प्रकृतिमैत्री हुनुपर्छ, हामीलाई विभिन्न घटनाक्रमले पनि सिकाएको छ", उहाँले भन्नुभयो, "गाउँ ठाउँलाई जोगाउने हो भने वातावरणलाई हामीले ध्यान दिनैपर्छ ।" उहाँले प्रशासकीय भवन निर्माण भएपछि पालिकाको सेवा प्रवाह प्रभावकारी हुने र नागरिकले सहज रूपमा सेवा पाउने विश्वास व्यक्त गर्नुभयो ।पर्यटकीय हिसाबले सोलुखुम्बु उत्कृष्ट गन्तव्य रहेको उल्लेख गर्दै उहाँले ४० वर्ष अगाडि पिता गणेशमान सिंहसँग सोलुखुम्बु आएको स्मरण गर्नुभयो । तत्कालीन समय र अहिले हेर्दा आफूले सोलुखुम्बुमा विकास निर्माणको हिसाबले धेरै परिवर्तन पाएको उहाँको भनाइ थियो ।

अहिले व्यवस्था फेरियो अवस्था फेरिएन भन्दै गलत भाष्य बनाउन खोजिएको भन्दै उहाँले त्यो सत्य नभएको स्पष्ट पार्नुभयो । उपप्रधानमन्त्री सिंहले राजनीतिक स्थिरता र आर्थिक विकासका लागि अहिलेको सरकारले काम गरिरहेको र जनतालाई थप अधिकार सम्पन्न बनाउन संविधान संशोधन गर्न लागिएको प्रष्ट पार्नुभयो । उपप्रधानमन्त्री सिंहले शिलान्यास गर्नुभएको प्रशासकीय भवन पालिकाको आन्तरिक स्रोतबाट दुई वर्षभित्रै बनाइसक्ने पालिकाका प्रमुख नाम्गेल जाङ्बु शेर्पाले बताउनुभयो । कार्यक्रममा रक्षामन्त्री मानबहादुर राई पनि सहभागी हुनुहुन्थ्यो ।रासस

# सोवारिग्पा शिक्षालाई व्यवस्थित गर्न जोड

काठमाण्डु । शताब्दीऔँदेखि प्रचलनमा रहेको सोवा रिग्पा उपचार पद्धतिसम्बन्धी उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई मान्यता दिनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् । हाल लुम्बिनी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी बौद्ध जोरपाटीमा स्थापना भएको सोवा रिग्पा इन्टरनेशनल कलेजबाट उत्तीर्ण गरेका विद्यार्थीहरुले मेडिकल काउन्सिलबाट प्रमाणपत्र पाउन नसक्दा थप अध्ययन वा सरकारी सेवामा प्रवेश गर्न समस्या भएको भन्दै उनीहरुलाई यसबाट वञ्चित गरिन नहुने उहाँहरुको माग रहेको छ । हाल सो कलेजबाट नेपाललगायत भुटान, भारत, फिनल्याण्ड, कोस्टारिका, स्पेन र तिब्बतबाट आएका ३५ जना विद्यार्थीले साढे पाँच वर्षको कोर्ष पूरा गरी एक वर्ष इन्टर्न कोर्षसमेत गरिसकेका छन् ।



आडरा नेपालद्वारा आइतबार आयोजित छलफल कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त सचिव डा दीपेन्द्ररमण सिंहले परम्परागतरुपमा प्रचलनमा रहेको सोवा रिग्पा उपचार पद्धतिको संरक्षण र विस्तारका लागि यससम्बन्धी उच्च शिक्षामा अध्ययनलाई व्यवस्थित गर्न मन्त्रालय सकारात्मक रहेको बताउनुभयो । मन्त्रालयका नीति योजना तथा अनुगमन महाशाखा प्रमुख डा कृष्णप्रसाद पौडेलले स्वास्थ्य नीतिमा सोवारिग्पाको व्यवस्था गरिएकाले सम्बन्धित स्वास्थ्य संस्थाहरुमा दरबन्दीको व्यवस्था गर्न आवश्यक नीतिगत सुधार गर्नुपर्नेमा जोड दिनुभयो ।

आयुर्वेद मेडिकल काउन्सिलका रजिष्टार डा निर्मल भुसालले भारतलगायत अन्य देशहरुमा सोवारिग्पालाई सरकारी मान्यता दिइएको सन्दर्भमा नेपालमा पनि यससम्बन्धी उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीलाई काउन्सिलमा दर्ता गराउन प्रकृया अगाडि बढाउन सकिने धारणा राख्नुभयो ।

लुम्बिनी विश्वविद्यालयका पूर्व डीन उकेशराज भुजुले विश्वविद्यालयले विज्ञहरुको सुझावअनुसार तयार गरिएको सोवारिग्पाको पाठ्यक्रमलाई विषयगत समिति, प्राज्ञसभाबाट पारित गरी कार्यान्वयनमा ल्याइएकाले यसलाई सरकारी मान्यता दिनबाट रोक्न नहुने बताउनुभयो । कार्यक्रममा आयुर्वेद तथा चिकित्सा विभागका महानिर्देशक डा श्यामबाबु यादवले सोवारिग्पा विभागअन्तर्गत रहेकाले यसलाई मान्यता दिन सकिनेछ भन्नुभयो ।

आडरा नेपालका राष्ट्रिय प्रतिनिधि प्रविण ढकालले हिमाली क्षेत्रमा सोवारिग्पा उपचार पद्दतिको अभ्यास गरिरहेका आम्चीहरुबाट जनतालाई सुलभ ढङ्गबाट स्वास्थ्यसेवा पुऱ्याउनुको साथै सामुदायिक विकासमा पनि महत्वपूर्ण योगदान रहेको बताउँदै सबै उपचार पद्दतिहरुलाई राज्यले उत्तिकै प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

सोवा रिग्पा इन्टरनेशनल कलेजका निर्देशक डा तेन्जिङ धार्के गुरुङले सातौँ शताब्दीबाट थालनी भएको सोवा रिग्पासम्बन्धी अभ्यासलाई भारत, चीन लगायत विश्विका थुप्रै देशहरुमा औपचारिक रुपमा पठनपाठन भइसकेको सन्दर्भमा नेपालमा पनि केही वर्षदेखि शुरु भएकामा ती विद्यार्थीहरुको मेडिकल काउन्सिलबाट दर्ता नहुँदा समस्या भएकाले यसतर्फ सम्बन्धित निकायहरुको ध्यान जान जरुरी भएको बताउनुभयो ।

हाल मुस्ताङको ल्हो घेकर दामोदरकुण्ड र गोरखाको चुमनुव्री गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशित गरी सोवारिग्पालाई आधिकारिक मान्यता दिएका छन् भने अन्य पालिकाहरुले पनि प्रकृया अगाडि बढाएको सो अवसरमा जानकारी दिइयो ।रासस

# प्रधानाध्यापकमाथि यौन दुर्व्यवहारको आरोप



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको एक विद्यालयमा प्रधानाध्यापकमाथि यौन दुर्व्यवहारको आरोप लागेको छ । जिल्लाको जलेश्वर नगरपालिका-२ स्थित लक्ष्मी चण्डी मुरारका माध्यमिक विद्यालयका प्रधानाध्यापक सञ्जीवकुमार झामाथि यौन दुर्व्यवहारको आरोप लागेको छ । कक्षा ७ मा अध्ययनरत एक छात्रालाई यौन दुर्व्यवहार गरेको आरोपमा विद्यार्थीहरू आन्दोलित भएका छन् ।

जलेश्वरमा आइतबार बिहानैदेखि विद्यार्थीहरूले प्रधानाध्यापकविरुद्ध नारा लगाउँदै जिल्ला प्रशासन कार्यालय महोत्तरी अगाडि प्रदर्शन गरेका थिए । उनीहरुले टायर बालेर सडक जाम गरेपछि स्थानीय क्षेत्र तनावग्रस्त बनेको थियो ।

महोत्तरी प्रहरीका प्रहरी नायब उपरीक्षक सन्तुलाल प्रसाद जैसवारले प्रदर्शनकारी विद्यार्थीहरूले प्रशासन कार्यालयमा दबाब दिँदै दोषीलाई कडा कारबाहीको माग गरेका छन् ।


अभिभावकहरूको समेत समर्थनमा उत्रिएको आन्दोलनले विद्यालय परिसरमा थप तनाव सिर्जना गरेको छ । प्रधानाध्यापक झामाथि यसअघि पनि यस्तै व्यवहारको आरोप लाग्दै आएको प्रदर्शनकारीहरूले बताए ।

स्थानीय प्रशासनले घटना गम्भीर रहेको भन्दै अनुसन्धान अघि बढाएको जनाएको छ । दोषी पुष्टि भएमा कडा कानुनी कारबाही हुने प्रशासनले जनाएको छ ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : दिन सामान्य छ। हरेक काममा बाधा र अवरोध हुनेछ।
वृष : मनमा खुशी मिल्नेछ। थोरै लगानी गरे पनि फाइदा हुनेछ।
मिथुन : अनुत्पादक क्षेत्रमा खर्च हुँदा मन अशान्त बन्नेछ। स्वास्थ्यमा सुधार हुनेछ।
कर्कट : अढैया शनिका कारण मनमा अशान्ति बढ्नेछ। थालेका काममा बाधा हुनेछ।
सिंह : लगानीका क्षेत्रमा ठुलो लगानी गर्ने सोच नबनाएकै राम्रो हुनेछ।
कन्या : साथीभाइको लहिलहीमा लागेर खर्च गर्ने बानीको कटौती गर्नुपर्नेछ।
तुला : चन्द्रमा अनुकुल भएकाले दिन सहज बन्नेछ। तपाईंको गला र कलाको प्रशंसा हुनेछ।
वृश्चिक : समय राम्रो छ। साथीभाइले साथ दिनेछन्।
धनु : कृषि क्षेत्रको कर्ममा सफलता मिल्नेछ।
मकर : दिन सामान्य छ। अन्त्य साढेसाती दशा भएकाले साना कुराले मनमा चिन्ता बढ्नेछ।
कुम्भ : सानो कुराले सताउने छ। धार्मिक कार्यमा सहभागी भएमा दिन सहज बन्नेछ।
मीन : दिन सामान्य राम्रो छ।
राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378



## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मौसममा आएको परिवर्तनसँगै सदरमुकाम मलङ्गवासहित सर्लाही जिल्लामा आइतबार बिहान लागेको बाक्लो हुस्सु । बाक्लो कुहिरो र अत्याधिक जाडोका कारण जनजीवन कष्टकर बन्नुका साथै सवारीसाधन गुडाउन पनि  कठिनाइ भइरहेको छ। *तस्बिरः रासस*

# खानेपानी तथा सरसफाइसम्बन्धी समितिको काम सराहनीय

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका उर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादवले महिलाको सहभागितामा बनेका खानेपानी तथा सरसफाइसम्बन्धी समितिहरुको काम सराहनीय ।

जनकपुरधामा आईतबार खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल र वाटर एड नेपालको आयोजनामा सम्पन्न एक कार्यक्रम मन्त्री यादवले खानेपानी तथा सरसफाइसम्बन्धी समितिको काम विवादरहित सञ्चालनमा रहेको बताउनुभएको छ । महिलाहरू मात्र रहेका समितिहरूको कामकाज प्रशंसनीय रहेको र आफूले त्यस्मा कुनै विवाद नपाएको उनले बताए ।

मन्त्री यादवले महिलाहरूले नेतत्वदायी भूमिका राम्ररी निर्वाह गरेको आफूले पाएको पनि बताउनुभयो ।

गोष्ठीमा खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालका अध्यक्ष राजेन्द्र अर्यालले मधेशका विभिन्न स्थानका खानेपानी तथा सरसफाइसम्बन्धी समितिहरूमा महिलाको उपस्थितिको अवस्था र थप उपस्थिति बढाउन गर्नुपर्ने कार्यलगायत विषयमा छलफल भएको जानकारी दिनुभयो ।

गोष्ठीमा खानेपानी तथा सरसफाइ कार्यान्वयनमा महिलाको अर्थपूर्ण सहभागिता अध्ययन प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

गोष्ठीमा सुरुङ्गा नगरपालिकाकी मेयर गीता चौधरीलगायत विभिन्न स्थानका स्थानीय तहका जनप्रतिनिधि, खानेपानी तथा सरसफाइसम्बद्ध संघसंस्थाका प्रतिनिधिलगायत सहभागी भएका थिए ।

# काठमाडौँ महानगरपालिकाको बजेट संशोधन प्रस्ताव

काठमाण्डु । चालु आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक समीक्षा अगावै काठमाडौँ महानगरपालिकाले बजेट संशोधन प्रक्रिया सुरु गरेको छ। काठमाडौँ महानगरपालिका नगरसभाको १६ औँ अधिवेशनमा उपप्रमुख सुनिता डङ्गोलले चालु आवको बजेटको कार्यक्रम तथा बजेटको संशोधन प्रस्ताव पेस गर्नुभएको छ।

“महानगरपालिकाको वार्षिक खरिद योजना र चौमासिक प्रगति विवरणअनुसार चालु आर्थिक वर्षको स्वीकृत नीति तथा कार्यक्रम अनुसार लक्ष्य हासिल गर्न केही कार्यक्रमहरु हेरफेर गर्न जरुरी देखिएको छ”, उपप्रमुख डंगोलले भन्नुभयो, “विनियोजित बजेटमा कुनै योजना सञ्चालन गर्न नसकिने, कतिपय आर्थिक कार्यविधिअनुसार समय लाग्ने, कतिपय बहुवर्षिय योजनाअन्तर्गत सञ्चालन गर्नुपर्ने भएकाले विनियोजित रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिएका र केही अत्यावश्यक योजना तथा कार्यक्रमका लागि बजेट विनियोजन गर्नुपर्ने देखिएकाले यो संशोधन प्रस्ताव पेश गर्नुपरेको हो।”

संशोधन बजेट प्रस्ताव गर्दा विषय विज्ञ, महानगरपालिकाका विषयगत समिति एवं अन्य विभिन्न समितिहरुमा छलफल तथा विश्लेषण गरी बजेट तथा कार्यक्रम तर्जुमा समिति र कार्यपालिका बैठकबाट सर्वसम्मत रुपमा पास गरी नगरसभामा पेस गरिएको उपप्रमुख डङ्गोलले बताउनुभयो । आर्थिक वर्षका लागि विनियोजित कूल बजेट रकम, चालुगत तथा पुँजीगत खर्च रकममा कुनै थपघट नगरी क्रियाकलापमा मात्र संशोधनको प्रस्ताव पेस गरेको नगरसभामा उहाँले स्पष्ट पार्नुभयो।

संशोधित प्रस्ताव अनुसार आर्थिक विकासको क्षेत्रमा बजेट




घटाएर रू ७२ करोड ४३ लाख ७१ हजार बजेट कायम गर्न लागिएको छ।

सो क्षेत्रमा यस अघि रू ७२ करोड ९९ लाख ७१ हजार विनियोजन भएको थियो ।कार्यालय सञ्चालन तथा प्रशासनीक क्षेत्रमा रू तीन अर्ब ७० करोड ५३ लाख ८ हजार विनियोजन भएकोमा त्यसलाई बढाएर रू तीन अर्ब ७२ करोड ६८ लाख ४२ हजार कायम गर्ने प्रस्ताव गरिएको छ।

त्यस्तै, पूर्वाधार विकासको क्षेत्रमा रू १२ अर्ब एक करोड ९३ लाख ९१ हजार पाँच सय बराबर वार्षिक विनियोजन रहेकोमा

> **चालु आर्थिक वर्षका लागि महानगरपालिकाले रु २५ अर्ब ७० करोड ६३ लाख २५ हजार बराबरको बजेट ल्याएकोमा पुस ११ गतेसम्म रु चार अर्ब एक करोड चार लाख ५६ हजार बराबर खर्च भएको उपप्रमुख डङ्गोलले नगरसभालाई जानकारी गराउनुभयो ।**

त्यसलाई घटाएर रू ११ अर्ब ८७ करोड ५१ लाख ३८ हजार ५ सय कायम गर्ने प्रस्ताव गरिएको छ।

सामाजिक विकासका क्षेत्रमा यसअघि रू पाँच अर्ब ४८ करोड ८६ लाख ६९ हजार पाँच सय विनियोजन भएकोमा त्यसलाई घटाएर रू पाँच अर्ब ३५ करोड ३३ लाख ८८ हजार ५ सय कायम गर्ने प्रस्ताव गरिएको छ ।त्यसैगरी, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा चालु आर्थिक वर्षका लागि रू दुई अर्ब २२ करोड ६५ लाख ८५ हजार बराबर बजेट कायम गर्ने प्रस्ताव महानगरले गरेको छ। उक्त क्षेत्रमा यस अघि रू दुई अर्ब ९६ करोड २९ लाख ८५ हजार विनियोजन भएको थियो।

### पाच महिनामा १६ प्रतिशत बजेट खर्च

महानगरपालिकाले चालु आर्थिक वर्षका लागि विनियोजन गरेको बजेट खर्च कार्यान्वयनमा भने कमजोर देखिएको छ।

चालु आर्थिक वर्षका लागि महानगरपालिकाले रू २५ अर्ब ७० करोड ६३ लाख २५ हजार बराबरको बजेट ल्याएकोमा पुस ११ गतेसम्म रू चार अर्ब एक करोड चार लाख ५६ हजार बराबर खर्च भएको उपप्रमुख डङ्गोलले नगरसभालाई जानकारी गराउनुभयो।

हालसम्मको बजेट खर्च कूल विनियोजनको १६ दशमलव १० प्रतिशत हो।

महानगरपालिकाले हालसम्म चालु शीर्षकमा २३ दशमलव ५८ प्रतिशत र पुँजीगत खर्च १० दशमलव ९२ प्रतिशत खर्च भएको छ।

“हालसम्म पूर्वाधार विकासमा १२ दशमलव १३ प्रतिशत, आर्थिक विकासमा २४ दशमलव १८ प्रतिशत, सामाजिक विकासमा १२ दशमलव २३ प्रतिशत खर्च भएको छ”, उपप्रमुख डङ्गोलले भन्नुभयो, “त्यसैगरी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ सात दशमलव ९२ प्रतिशत खर्च भएको देखिएको छ।

कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा भने सबैभन्दा वढी ३६ दशमलव ५४ प्रतिशत खर्च भएको देखिन्छ।”

महानगरपालिकाले चालु आर्थिक वर्षमा रू १२ अर्ब ९० करोड ६३ लाख २५ हजार बराबर राजस्व उठाउने लक्ष्य राखेको थियो । यही पुस ११ गतेसम्म कुल रू चार अर्ब नौ करोड ८९ लाख ३६ हजार बराबर राजस्व प्राप्त भएको महानगरपालिकाले जनाएको छ।

जसमा आन्तरिक राजस्वतर्फ कुल रू दुई अर्ब ६१ करोड ५५ लाख ४३ हजार सङ्कलन भएको छ भने राजस्व बाँडफाँडबाट रू ५९ करोड ८९ लाख ४१ हजार र सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान रू ८८ करोड ४४ लाख ५१ हजार रहेको छ।

हालसम्मको कुल राजश्व सङ्कलन वार्षिक लक्ष्यको ३१ दशमलव ०७ प्रतिशत हुन आउँछ भने आन्तरिकतर्फ कुल लक्ष्यको ३२ दशमलव ५५ प्रतिशत प्रगति भएको देखिन्छ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्रारम्भिक नतिजामा काठमाडौँ महानगरपालिकाले ८२ दशमलव ७५ अङ्क प्राप्त गरेको पनि उपप्रमुख डङ्गोलले बताउनुभयो । यो अङ्क काठमाडौँ महानगरपालिकाले पाएको हालसम्मकै उच्च अङ्क हो ।रासस

# जलवायु परिवर्तनको असरले श्रमिक समस्यामा



काठमाण्डु । पछिल्लो समय बढ्दै गइरहेको जलवायु परिवर्तनको असरले श्रम क्षेत्रमा पनि समस्या बढाएको सरोकारभएकाहरूले बताउनुभएको छ । आइतबार क्लास नेपालले काठमाडौँमा आयोजना गरेको ‘श्रमिकमा जलवायु परिवर्तनको प्रभावमा बहुपक्षीय संवाद’मा सहभागीले जलवायु परिवर्तनले देखिएका श्रम समस्या समाधानका बहस आवश्यक रहेको बताउनुभएको हो।

वन तथा वातावरण मन्त्रालयका सहसचिवसमेत रहनुभएका रेड कार्यान्वयन केन्द्रका प्रमुख नवराज पुडासैनीले जलवायुजन्य जोखिमबाट श्रमिकलाई बढी समस्या उत्पन्न हुने भएकाले यसको समाधान तत्काल गर्नुपर्ने बताउनुभयो। “कुनै विपद् आयो भने सबैभन्दा बढी श्रमिकलाई असर गर्छ, जलवायु परिवर्तनले हिमालको हिउँ पग्लदै छ। पर्यटन व्यवसाय धरापमा परी त्यहाँ काम गर्ने श्रमिकको रोजिरोटी खोसिन सक्छ”, उहाँले भन्नुभयो, “कृषिमा पनि त्यस्तै असर परिरहेको छ। कृषि उत्पादन कम हुँदा कृषिमा काम गर्ने श्रमिकलाई असर गर्छ।”

पुडासैनीले जलवायु परिवर्तनको असरले तापक्रममा वृद्धि भई बाहिरी वातावरणमा काम गर्न नसक्ने अवस्था सिर्जना हुनसक्ने भन्दै दैनिक ज्वाला गरेर गुजारा टार्ने श्रमिक मारमा पर्ने बताउनुभयो। “जलवायुजन्य जोखिम दिनानुदिन बढिरहेको छ, श्रमिकहरूले काम गर्दा सुरक्षाको नयाँ उपायहरू अपनाउन आवश्यक छ”, उहाँले भन्नुभयो, “निर्माणाधीन नयाँ पूर्वाधारहरू जलवायुमैत्री हुन आवश्यक छ।”

श्रम, रोजगार, तथा समाजिक सुरक्षा मन्त्रालयका सहसचिव प्रदीप कोइरालाले बढ्दो जलवायु परिवर्तनको जोखिमबाट अनुकूलित हुन श्रमिकको स्वास्थ्य र सुरक्षामा ख्याल गर्दै नीति तथा कार्यक्रम तय गर्नुपर्नेमा जोड दिनुभयो। “जलवायु अनुकूलनलाई प्राथमिकता दिँदै काम गर्ने उचित समय पनि हेरिनुपर्छ, दिउँसो बढी गर्मी भएमा बिहानको समयमा श्रमिकलाई काममा लगाउन सकिन्छ”, उहाँले भन्नुभयो, “जलवायुजन्य जोखिमले श्रम क्षेत्रमा देखा पारेको असर न्यूनीकरणमा सबैले समन्वय गर्नु आवश्यक छ।”

नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष योगेन्द्रकुमार कुँवरले जलवायु परिवर्तनको मुख्य असर महिला श्रमिकलाई परेको भन्दै असर न्यूनीकरणसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो । वातावरण अभियन्ता सिलसिला आचार्यले जलवायुजन्य असरले श्रम समस्या निम्त्याइरहेको भन्दै समाधानका लागि राज्यले लगानी बढाउनुपर्नेमा जोड दिनुभयो । “बाढीपहिरोजस्ता प्राकृतिक विपद्बाट सबैभन्दा बढी महिलालाई असर गरिरहेको छ, विपद्मा सबैभन्दा बढी विपन्न र त्यसमा पनि महिला श्रमिक पीडित छन्”, उहाँले भन्नुभयो, “यस्ता विपद्मा मजदुर गर्ने श्रमिकले रोजगार नपाउँदा दैनिक गुजारा गर्न सकस हुन्छ।”रासस



## मिथिला बिहारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### तारापट्टी, धनुषा
### मधेश प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/१४**

यस मिथिला बिहारी नगरपालिकाको लागि तपसिल बमोजिमको पदमा सेवा करार मार्फत कर्मचारीहरु पदपूर्ती गर्नु पर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको सक्कल रसिद सहित यस कार्यालयमा कार्यालय समय भित्र निवेदन पेश गर्नु हुन अनुरोध छ।

**तपसिलः**

| क्र. सं. | विज्ञापन नं. | पद | श्रेणी/तह | संख्या | उमेर हद | दरखास्त दस्तुर रु. | योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | ०६/२०८१-०८२ | पशु चिकित्सक | छैठौ | १ | पुरुष २१-३५ महिला २१-४० | १२००।- | मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा स्नातक तह (B.V.Sc and A.H.) वा सो सरह उर्तीण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको। |

१. **दरखास्त पेश गर्ने स्थान**:- मिथिला बिहारी नगरपालिकाको प्रशासन शाखा।
**नोट**: (आवेदन फारम मिथिला बिहारी नगरपालिकाको वेवसाईट www.mithilabiharimun.gov.np बाट डाउनलोड गरि प्राप्त गर्न सकिन्छ।
२. **दरखास्त दिने अन्तिम मिति**: पत्रिकामा प्रकाशन भएको मितिले १५ दिन भित्र (२०८१/०९/२९) गते सम्म
३. **सम्पर्क मिति**:- २०८१/१०/०३ गते
४. परिक्षाको मिति पछि प्रकाशन गरिने छ।
५. **छनौटको किसिम**:- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ताको माध्यमबाट।
६. **दस्तुर बुझाउने**:- नगपरपालिकाको राजश्व शाखामा।
७. **तलब भत्ता**:- नेपाल सरकारको प्रचलित स्केल बमोजिम।
८. **आवेदन साथ संलग्न कागजातहरु**
**आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातका प्रतिलिपीहरुः**
क. नागरिकताको प्रमाण पत्र
ख. न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्र/ट्रान्सक्रिप्ट
ग. चारित्रिक प्रमाण पत्र
घ. अनुभव भए सो खुल्ने आवश्यक कागजातहरु
ङ. २ प्रति पासपोर्ट साईजको फोटो

**प्रमुख प्रशासकीय अधिकृत**


# स्वस्थ शरीरका लागि खेलकुद महत्वपूर्ण हुन्छ : सभापति देउवा

काठमाण्डु। नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले स्वस्थ शरीरका लागि खेलकुद महत्वपूर्ण भएको बताउनुभएको छ।

नेपाल लोकतान्त्रिक खेलकुद सङ्घ महाधिवेशन केन्द्रीय समितिद्वारा आज यहाँ आयोजित प्रजतान्त्रवादी खेलाडी तथा खेलप्रेमीहरुको राष्ट्रिय भेलाको उद्घाटन गर्दै उहाँले भन्नुभयो, “स्वस्थ शरीरमा स्वस्थ दिमाग चाहिन्छ भने जस्तै स्वस्थ शरीरका लागि पनि खेलकुदको भूमिका उत्तिकै महत्वपूर्ण हुन्छ।

” सभापति देउवाले खेलकुद क्षेत्रमा युवा खेलाडीको बाहुल्यता धेरै हुने हुँदा उनीहरुको वृति विकासमा खेल र व्यायामको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्नुभयो। युवा र खेलकुदका विषयलाई पार्टीले प्राथमिकतामा राखेको उहाँको भनाइ थियो । सभापति देउवाले देशको विभिन्न ठाउँमा सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्डलाई प्रभावकारी रुपमा निरन्तरता दिनुपर्नेमा जोड



दिनुभयो । युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले सरकारले देशका लागि पसिना बगाउने खेलाडीका परिवारको शिक्षामा सहयोग गर्न आगामी आर्थिक वर्षको बजेटमा आवश्यक व्यवस्था गर्नेबारे छलफल भइरहेको बताउनुभयो। खेलमा अनुशासनको महत्व सबैभन्दा बढी हुने उल्लेख गर्दै उहाँले खेलकुदको नियम नमान्ने जुनसुकै खेल सङ्घलाई कारबाही गर्ने बताउनुभयो।

कार्यक्रममा कांग्रेस नेता एवं नेपाल लोकतान्त्रिक खेलकुद सङ्घ महाधिवेशन केन्द्रीय समितिका संयोजक मोहनबाहदुर बस्नेतले सङ्घको महाधिवेशन आगामी चैत मसान्तभित्र सम्पन्न गर्ने तयारीमा जुट्न आग्रह गर्नुभयो।

उहाँले ‘सभापति कप फुटलब प्रतियोगिता’को आयोजना गर्ने विषयमा छलफल भइरहेको जानकारी गराउनुभयो।

नेपाल लोकतान्त्रिक खेलकुद सङ्घका अध्यक्ष देवेन्द्रकुमार शेरचनले खेलकुद क्षेत्रमा रहेका विकृति र विसङ्गतीलाई रोक्न सङ्घले आवश्यक भूमिका निर्वाह गर्ने बताउनुभयो। उक्त कार्यक्रममा कांग्रेसका नेताहरु, सङ्घका जिल्ला अध्यक्ष एवं विभिन्न खेलकुद सङ्घका पदाधिकारीलगायतको सहभागिता रहेको थियो। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जुवाको निगरानी गर

सरकारले काठमाण्डु उपत्यकामा ठूला जुवा घर(क्यासिनो) सञ्चालनको अनुमति दिए पनि बाहिर मिनी जुवाघर(क्यासिनो)को मात्र अनुमति दिएको छ। खासगरि भारतसित नजिकका ठूलो सहरहरुमा मिनी क्यासिनो सञ्चालनमा छन् । मिनी क्यासिनोमा मेसिनबाट मात्र जुवा खेलाइनु पर्छ। तर सरकारी निर्देशनहरु विपरीत मिनी क्यासिनोमा पप्लु लगायतका जुवापनि खेलाइन्छ। क्यासिनोमा खेल्ने मात्र नभइ घरमा समेत जुवा खेल्ने अनुमति नेपालीलाई छैन। साथीभाई मिलेर पनि जुवा खेल्न पाइदैन। दशैं तिहारको बेला वा अन्य समयमा पनि जुवा खेल्नेहरुलाई पक्राउ गरी कारबाही गरिन्छ। काठमाण्डु र बाहिरको कुनै पनि क्यासिनोमा नेपालीलाई प्रवेश छैन । नेपाली बाहेकका नागरिकले मात्र जुवा खेल्न पाउने कडा प्रावधान छ। तर क्यासिनो सञ्चालकहरुले नेपालीलाई पनि जुवा खेलाउने गर्छन् । कतिपयको नक्कली पहिचान पत्र बनाएर र कतिपयको पहिचान लुकाएर क्यासिनोमा जुवा खेल्ने प्रबन्ध सञ्चालकहरुले मिलाउने गरेका छन् । जुवा कसैका लागि पनि ठिक होइन । तैपनि सरकारले नै नेपाली नागरिक बाहेकलाई जुवा खेलाउन क्यासिनो सञ्चालनको लाइसेन्स प्रदान गरेकाले त्यो विवादको विषय भएन। क्यासिनोबाट अत्यधिक राजस्व संकलन हुने गर्छ। तर क्यासिनो सञ्चालकहरुले समयमा राजस्व नबुझाउने, राजस्व छल्ने जस्ता काम गर्छन् । नेपालको ठूलो व्यवसायिक सहरको रुपमा परिचित वीरगञ्जमा पनि केही मिनी क्यासिनो सञ्चालनमा छ। त्यस मध्ये लर्डस् दियालोमा तासले पनि जुवा खेलाइने गरिन्छ। नेपालीहरुले पनि सहजै प्रवेश पाउँछन्। जुवाका लागि भारतबाट लर्डस् दियालोले तास अयात गरेको छ। पप्लु खेलाइने एउटा टेबुल ७९ लाख धरौटीमा उपलब्ध गराइएको छ । त्यस्ता टेबुलबाट हुने आम्दानीको ३० प्रतिशत क्यासिनो सञ्चालक र बाँकी टेबुल सञ्चालकले पाउँछन् । लर्डस् दियालोले सम्झौता गरेको कागजातहरु नै सार्वजनिक भएको छ। लर्डस् दियालो होटेलमा जुवा खेलाउने अनिल रुंगटा नेपाली काँग्रेसका केन्द्रीय सदस्य हुन्। उनी संविधान सभामा पनि कांग्रेसको कोटाबाट सदस्य भएका थिए। सत्ताको आडम रुंगटाले क्यासिनोमा सरकारी निर्देशनको खिल्ली उडाए पनि निगरानी गर्ने नियामक निकाय मौन छ। प्रहरी प्रशासनले त्यस्ता क्यासिनोलाई संरक्षण नै दिने गरेको छ। क्यासिनोमा खेलेर वीरगञ्जका कयौं नेपाली व्यवसायी धराशायी भएका छन् । तर प्रहरी प्रशासनले कुनै चासो लिएको छैन। नेपाल भारतको सीमावर्ती सहरमा रहेका क्यासिनोमा भारतीय नागरिकहरु पनि ठूलो संख्यामा जुवा खेल्न आउने गरेका छन् ।

# मिथिलारत्न समाजसेवी डा.राजिव झा



प्रमोद कुमार साह

चाणक्यको एउटा भनाई छ , कुनैपनि काम सुरुवात गर्नका लागि महान हुनु जरुरी छैन। तर, महान हुनका लागि सुरुवातको जरुरत छ। यसै भनाईलाई चरितार्थ गर्दै समाजमा आफनो निरन्तर योगदान दिदै आएका छन् समाजसेवी राजीव झा।

मधेश आन्दोलित रहेका बेला कानूनबाट प्रताडित भई ५ वर्ष भुमिगत जीवन विताएका डा.राजिव झा तत्कालिन समयमा जनतान्त्रिक तराई मुक्ती मोर्चाका बुद्धिजिवी संगठनका संयोजक नेताको रुपमा परिचित भएका थिए। २०६२/०६३ को मधेश आन्दोलनमा घाइते भएकाहरुलाई उपचार गराएर प्रहरीको टार्गेटमा आएका डा झाले २०६३ मा प्रहरीको सुट एण्ड साईटबाट बच्न भूमिगत भए । भूमिगत भएपछि तत्कालिन समयमा भूमिगत क्रियाक्लाप गरिरहेका संगठन जनतान्त्रिक तराई मुक्ती मोर्चा ज्वालासिंहको बौद्धिक संगठनका संयोजक बने। जनतान्त्रिक तराई मुक्ती मोर्चा गोइत समूहबाट अलग भएका ज्वाला समूहले पनि पैसामुखी कार्य गर्न थालेपछि मधेश मुक्तीका लागि आन्दोलनमा होमिएका झा संगैका एक समुह भारतको कटिहारमा सम्मेलन गरेर अलग्गै मधेश राष्ट्र जनतान्त्रिक पार्टी गठन गरी संघियतको लागि भूमिगतरुपमै आन्दोलन सुरु गरे।

भूमिगतमा रहेका मोर्चाहरुलाई शान्ति प्रक्रियामा आउन तत्कालिन शान्ति मन्त्री सत्या पहाडीले आह्वान गरेपछि डा. झा लगायतको समूह हेटौडामा आएर सरकारसंग वार्ता गरि भूमिगत जीवनबाट उन्मुक्त भई तत्कालिन आनन्दी देवी नेतृत्वको सदभावना पार्टीमा समाहित भए र आफनो कार्य दक्षता र अनुभवका कारण नेपाल सदभावना पार्टीका केन्द्रिय महासचिव पनि बने । त्यतिबेला सम्म मधेशका दिग्गज नेतामा गनिने डा राजिव झा समाजसेवाबाट उति परिचित चाहि भएका थिएन।

हुनतः पहिले देखिनै गरिबहरुका लागि केहि गर्ने चाहना मनमा राखेका डा झा २०५२ देखि नै समाजको सेवामा लागेका थिए । उनि २०५२ सालमा मैथिल युवा नाट्य कल्वको अध्यक्ष बनेर सेवाको सुरुवात गरेका थिए भने २०६० मा ग्रास रुट नेपाल (तराई संरक्षण समिति) गठन गरेर मधेश र मधेशीको अधिकारका लागि आवाज उठाउदै आएका थिए। डा झाले २०६१ सालमा दक्षिण एसिया वर्तमान र भविष्य नामको कार्यक्रममा जोडदाररुपमा मधेश र मधेशीको आवाज उठाएपछि पहिलो पल्ट सुरक्षाकर्मीहरुको नजरमा परेका थिए। भूमिगत जीवनबाट बाहिरिएपछि ग्रामीण भेगमा रहेको आफनो गाउका जनता र आसपासका क्षेत्रलाई उपचारका लागि जनकपुरधामनै जानुपर्ने बाध्यतालाई हटाउन २०६९ सालमा धनुषाको तिनकोरीया चौकमा सामुदायीक अस्पतालनै निमार्ण गराएर जनतालाई सेवा दिने काम सुरु गरे। त्यसपछि ग्रामीण क्षेत्रलाई नै लक्षित गरि आफनो पावर र पहिचानको मद्दतमा विभिन्न समयमा निशुल्क शिविरहरु गाउ गाउमा संचालन गराएर ग्रामीण क्षेत्रका स्थानियहरुलाई खुवै नै सहयोग गरेका थिए। डा झाको जन्मघर धनुषा जिल्लाको विदेह नगरपालिकाको गोबराही टोलमा अहिले पनि ग्रामीणहरुलाई डा.झालाई भगवान जस्तै सबैले स्नेह गर्दै आएका छन्।

यसै क्रममा वि.स २०७५ माघ तिर झाको भेट तत्कालिन धनुषाका प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेल संग भए । प्रजिअ कणेलले राजनीतिसंगै समाजसेवामा हात हाल्न सुझाव दिए र त्यसकालागि आफुले साथ दिने प्रतिवद्धता जनाएपछि डा.झाले क्लोथ बैंक धनुषाको स्थापना गरे। दैनिक ज्यालादारीमा काम गर्ने र आफना बालबच्चाका लागि कपडा खरिद गर्न नसक्नेका लाई निशुल्क कपडा दिने लक्ष्यका साथ २०७५ माघ ८ गते प्रजिअ कणेलकै सहयोगमा जिल्ला समन्वय समितिको खाली कोठामा क्लोथ बैंक धनुषाको स्थापना गरि समाजसेवामा होमिए। बैंकको स्थापना त गरियो तर त्यसमा एक थान पनि कपडा रहेको थिएन त्यसका लागि झाले जनकपुरधामको पसल पसल चहारेर कपडा संकलन गरि कार्यालय सुचारु गराए।

तर क्लोथ बैंक स्थापनाको सालपछि विश्वभरि कोरोनाको महामारी आयो र जुन समय कोरोनाको कहरका कारण मानिस घरबाट बाहिरपनि निस्कन सकिरहेका थिएन भने कोरोनाको महामारिको चपेटामा परेका व्यक्तिहरुलाई हेर्ने पनि कोहि थिएन,त्यतिबेला क्लोथ बैंक धनुषाका माफर्त डा राजिव झा अगाडी आए। डा झा सबैभन्दा पहिले कोरोनासंग लड्न र कोरोनाका विरामीहरुलाई राहतका लागि आवश्यक समाग्रीका जुटाउनका लागि सुरु गरे। झाले कोरोना महामारीसंग लड्नका लागि सोहि समय चिकित्सकको टोली तयार पारे ,जहा अत्यधिक समस्या थियो त्यहा चिकित्सकहरुको सहयोग दिलाए । उनले एक्सन टिम बनाएर घर घर सेवाको काम पनि सुरु गरे तर जव अक्सीजन सिलिण्डरको अभावमा कोरोना प्रभावितको मृत्यु हुनेको संख्या बढोत्तरी भए तब डा झाले अक्सिजन खरिदका लागि क्लोथ बैंकमा जम्मा भएका नगद र केहि सहयोग मागेर अक्सिजन सिलिण्डर खरिद गरि आवश्यक परेको विरामीहरुलाई निशुल्क सेवा दिन थाले। डा झाको यस प्रकारको समाजसेवा देखेर तत्कालिन संघिय सांसद रहेका राजेन्द्र महतोले आफनो संसदीय कोषबाट क्लोथ बैंकलाई अक्सिजन सिलिण्डर खरिदका लागि दसलाख रुपैया जनकपुरधाम उपमहानगरपालिका माफर्त पठाए तर तत्कालिन समयका मेयर लालकिशोर साहले समयमै बजेट विनियोजन गर्न नसकेपछि त्यो रकम फ्रिज भएर गएका थिए।

यता कोरोनोका प्रभावितहरुका सहयोगका लागि सिलिण्डर खरिद गर्न आएका रकमनै फ्रिज भएपछि दुखि भएका झाको पिडामा जनकपुरधामका संघ संस्थाहरुले मल्हम लगाउदै समाजमा गर्दै आएको लगानी हेरी जानकी फाइनेन्सले १० वटा,जिल्ला प्रशासन कार्यालय धनुषाले १० वटा केहि चिकित्सकहरुले समेत ५/५ वटा सिलिण्ड प्रदान गरेपछि क्लोथ बैंकमा पर्याप्त अक्सिजन सिलिण्डरको उपाय भएको थियो जुन डा झाले त्यसको सदुपयोगका लागि कोरोना प्रभावितहरुलाई निशुल्क उपचार गरिराखेका सामुदायीक तथा निजी अस्पतालहरुलाई तत्कालै प्रदान गरी हजारौ कोरोना प्रभावितको ज्यान बचाउन मद्दत गरेका थिए।

डा झा कोरोनाकालको त्यो समयमा आफनो ज्यानको परवाहनै नगरि डोर टु डोर प्रभावितहरुलाई सेवा प्रदान गर्न थालेपछि उनको कार्य हेरेर देशभरिकै चिकित्सकहरु उनको यस कार्यमा दिन रात आफु पनि काम गर्न तयार रहेको भनेर प्रतिवद्धता जनाए र कोरोना कालमा आफनो कार्यदक्षता र सेवा कै कारण केहि हदसम्म कोरोना महामारीलाई परास्त गर्न सफल पनि भएका थिए डा झा।

गरिवहरुलाई कपडा प्रदान गर्ने अभिप्रायका साथ क्लोथ बैंक स्थापना गर्दा सोहि समयमा नेपाल र भारतका दुवै सरकारले इपिजी समूह गठन गरि नेपालको तर्फबाट चार जना निलाम्वर आर्चाय,राजन नेपाल लगायत दुइजना र भारतबाट भगतसिंह कोशियारी,जयन्त प्रसाद,विसी उप्रेती लगायत चारजनाले सीमाको विषयमा छलफल गरि सीमामा तार जाली लगाउनुपर्ने भन्दै सरकारलाई प्रतिवेदन पठाए । यीनीहरुले प्रतिवेदन बनाएपनि सीमामा बस्नेहरुको भाषासंग चाहि परिचित थिएनन् अर्थात सीमामा बस्ने बासीन्दासंग सोधपुछ समेत नगरि सरकारलाई प्रतिवेदन पठाए।

यस सम्वन्धमा डा राजिव झा भन्छन, 'नेपाल-भारत खुला सिमाना दुई देशबीचको ऐतिहासिक, सांस्कृतिक, र सामाजिक सम्बन्धको प्रतीक हो। यसले दुवै देशलाई आर्थिक, सामाजिक, र सांस्कृतिक रूपमा जोड्न महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। यसलाई अझ व्यवस्थित बनाएर थप लाभ उठाउन सकिन्छ।'

झाले नेपाल र भारतबीचको खुला सिमाना पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण आधारशिला रहेको बताउदै यसले दुवै देशका नागरिकहरूलाई सहज रूपमा यात्रा गर्न, सांस्कृतिक आदान-प्रदान गर्न, र व्यापारिक तथा धार्मिक पर्यटनलाई बढावा दिन अवसर प्रदान गर्ने उनको भनाई छ।

तारजालीले सदियौ देखिको नेपाल भारतको सम्वन्धमा दुरी बढ्ने देखि लिएर मधेशको भारतसंगको बेटीरोटीको सम्वन्धमा पनि समस्या पर्ने भएकोले डा. झाले सोहि समय नेपाल भारत खुल्ला सीमा सम्वाद समूह गठन गरि समाजसेवा अर्को पाटोमा हामफाले। झाले उक्त संस्थामाफर्त सीमामा रहेका नेपाल भारत दुवै तर्फका जनतासंग सीमामा तारजाली लागेपछि को अवस्थाको विषयमा राय संकलन सुरु गरे। दुवै तर्फका जनताले तारजालीका कारण दुवै देशको पौराणीक सम्वन्धमा आघात पुरयाउने काम भइरहेको भन्दै दुवै तर्फबाट जनतालाई सरकारलाई दबाब दिन सुरु गरे तर त्यो समयमा कोरोनाको महामारी भएको कारण देखाउदै दुबै देशका सरकारले सीमा वन्द गरि आवत जावत नै बन्द गरिदिए।

दुवै देशविच आवत जावत वन्द भएपछि त्यसलाई खुलाउनका लागि डा झालाई ठुलो चुनौतीको नै सामना गर्नुपरयो। क्लोथ बैंक मार्फत कोरोना प्रभावितहरुलाई सेवाका साथ साथै बन्द रहेको सीमा खुलाउनका लागि नेपाल भारतको विभिन्न ठाउमा अन्तरक्रियामूलक कार्यक्रमहरु जारी राखे, कोरोनाको महामारी प्रभावहिन बन्दै गएपछि नेपाल भारत खुला सीमा सम्वाद समुहको बढदो दबाबले भारतले आफनो सीमाबाट आवत जावतका लागि खुकुलो पारे ,त्यसपछि नेपाल सरकारले पनि आवत जावतलाई खुकुलो बनाए । सर्वसाधारणलाई आवत जावत खुकुलो बनाइएपनि सो समयमा सवारीसाधन चाहि प्रवेस निषेध गरिएको थियो। डा झाले यसका लागि पनि विभिन्न निकाय धाउनुका साथै अन्तरक्रिया कार्यक्रमलाई जारी राख्दै सवारी साधनलाई पनि आवत जावत गराउन महत्वपूर्ण योगदान दिए।



> राजीव झाले सम्मान ग्रहण गर्दै यो उपलब्धि आफ्नो परिवार, संस्थाका सम्पूर्ण पदाधिकारी र शुभचिन्तकहरूको सहयोगको परिणाम भएको बताए । साथै, उनले आगामी दिनमा अझ प्रभावकारी रूपमा समाजसेवामा समर्पित हुने प्रतिबद्धता व्यक्त गरे ।

अहिले राजेन्द्र महतो नेतृत्वको राष्टिय मुक्ती पार्टीका केन्द्रिय नेता रहेका डा राजिव झा समाजसेवाका संगै आफनो पढाईलाई जारी राखेका थिए। र उनी यसै वर्ष विद्यावारिधी गर्न पनि भ्याए। डा. राजिव झाको निरन्तरको समाज सेवा र नेपाल र भारतविचमा सोर्हाद कायम राख्नका लागि गरेको कार्यको मध्यनजर गर्दै भारतमा भरखरै सम्पन्न अन्तराष्टिय मैथिली सम्मेलनले मिथिलाको सबैभन्दा ठूलो सम्मान मिथिलारत्नबाट सम्मान गरेका छन्।

राजीव झाले सम्मान ग्रहण गर्दै यो उपलब्धि आफ्नो परिवार, संस्थाका सम्पूर्ण पदाधिकारी र शुभचिन्तकहरूको सहयोगको परिणाम भएको बताए। साथै, उनले आगामी दिनमा अझ प्रभावकारी रूपमा समाजसेवामा समर्पित हुने प्रतिबद्धता व्यक्त गरे।

# इतिहास अध्ययनको शैली र प्रवृत्ति



यामबहादुर थापामगर

मानव प्राणी जगत्मा पशुभन्दा अलग हो र पृथक हुन्छ। तर मानव विकासमा आधारभूत गास, बास र कपासका साथै आय, आर्थिक वृद्धि, आर्थिक विकासको साथै औसत आयुलाई जीवनशैली मापनअनुसार दीर्घजीवन हुनेगरी सापेक्ष रुपमा बढाउन चाहेको हुन्छ। विकासको परिभाषा अहिले बहुआयामिक अर्थमा परिभाषित हुन थालेको छ। मानिस निरन्तर खोज अनुसन्धानमा लागिरहने प्राणी भएकाले खोजको क्षेत्र अनुकरणीय रहेको छ। सुख र आनन्द प्राप्तिको खोजीमा लागिरहने मानव कुनै खोज र विकास विनाश तथा सर्वनाशको प्रबल जोखिममा विश्वलाई मानवले नै विकासका नाममा निर्माण गरेको अणुबम, एटमबमको तीव्र विकासले पृथ्वीलाई दर्जनौंपटक क्षति गर्नसक्ने प्रविधिको सञ्चित गरेर राखेको छ। सकारात्मक सोच र शैलीको विकासका लागि अभियान चलाउँदै गर्दा समेत स्वचालित रुपमा नकारात्मक सोच र शैलीको दबदबा मानव जीवनमा निरन्तर आइरहेको छ।

मानव जातिमा घटेका घटनाहरुको वैज्ञानिक कथन नै इतिहास हो। मानव वर्तमानमा रहन्छ र उसले भविष्यका लागि योजना तर्जुमा गरी अध्याँरोबाट उज्यालोतिर लम्कन्नका लागि प्रत्यन रहने गरी क्रियाशील रहन खोजेको मानवले जानेर वा नजानेर इतिहास निर्माण गरिरहेको हुन्छ। बोधगम्य र अबोध घटनाहरु श्रृङ्खलामा नरहेको भए पनि मानिसका लागि इतिहास रहेको हुन्छ। इतिहासले संसारमा भएका घटनाहरु जान्न सहयोग गर्दछ। इतिहास सामूहिक अनुभवहरुको स्रोत हो। कतिपयले इतिहास एक प्रकारको जितको परिणाम आउने प्रयोगशाला पनि भन्ने गर्दछन्। हारको परिघटनाहरुको समेत थोरै मात्रामा लेखन र अभिलेखीकरण तरिकाले व्यवस्थापन गरिएको हुन्छ। इतिहासले मानिसलाई समाजहरु बुझ्न गर्दछ।

इतिहास हरेक मानवका लागि प्रेरणाको स्रोत हुन सक्दछ। संसारमा भएका विभिन्न प्रकारका वैज्ञानिक तवरले प्रमाणित संस्कृतिहरु चिन्ने र बुझ्ने हुँदा यसबाट दैनिक जीवनमा अवलम्बन गर्ने आधारहरु प्राप्त हुन्छ । इतिहास दोहोरिन्छ भन्ने मान्यता बमोजिम बुद्धिमानीपूर्वक अवसर र मौकालाई छनोट गर्न अनुमति दिई प्रगतिशील अग्रगामी निर्णय गर्न सहयोग गर्दछ। यसले विभिन्न कालखण्डमा भएका परिर्वतन बुझ्न सघाउँदै नवीन परिवेशको वातावरण अनुकूल हुने गरी समायानुकल गराउँछ । विगतमा समाजभित्र भएका हत्या, आतङ्क, चोरी, डकैती, पाशविक घटनाहरुलाई तिलाञ्जलि दिदै नैतिक जिम्मेवारी अभिवृद्धि गरी सभ्य समाज निर्माण गर्नमा सहयोग गर्दछ।

शिक्षित समाजमा कि अशिक्षित समाजमा जीवनयापन गरेको छ भन्ने बारेमा निर्धारण र छनक प्रदान गरि असल र खराबको पहिचान बनाउन पनि इतिहासको अध्ययनबाट थाहा हुन्छ । मानिसको व्यक्तित्व विकासका लागि बहुआयामिक क्षेत्रमा पहुँच बढाउन लागि क्षमता विकास गर्ने आधारहरु प्रशस्त मात्रामा इतिहासले जगको रुपमा आधार प्रदान गर्दछ। इतिहास ज्ञान, विज्ञान, साहित्य, शिल्प र शास्त्रहरुको समग्र जग हो। इतिहासले कहिल्यै नदेखेको, नसुनेको, नछामेको र नछोएको कुराको बारेमा सोच्न सहज र सजिलो बनाई आत्मविश्वासका साथ विश्व बजारमा प्रतिस्पर्धा गर्न लायक क्षमता प्रदान गर्दछ । मानवमा कल्पनाशीलताको विकास र त्यसलाई सञ्चार गर्नसक्ने सीप तथा प्रविधिको विकासमा टेवा दिएको हुन्छ।

शिक्षाबिनाको मानव अहिले कल्पनासमेत गर्न सकिदैन। ज्ञानबिनाको मानिस पशुसरह हुन्छ। विश्वव्यापीकरणको बढ्दो प्रभाव र प्रयोगले थोरै प्रयोगमा आउने भाषा, जातजातिलगायतका पहिचानको अस्तित्वमा दिन प्रतिदिन हस आएको छ। स्वचालित प्रणालीको विकासले मानवलाई इ-बुक, इ-लाइब्रेरी, डिजिटल विकासले मानवमा विगतका अभ्यासलाई परिष्कार गर्नमा दबाब दिएको छ। कृत्रिम बौद्धिकताको विकास, च्याट जिपिटी, मेटाफर्सलगायतको तीव्र विकासले मानवमा असामाजिकतातर्फ उन्मुख भएको त होइन भन्ने आभास पनि हुने गरेको छ। ज्ञान लिनका लागि निरन्तर रुपमा अरुभन्दा प्रतिस्पर्धामा अगाडि उभिनका लागि स्वचालित रुपमा लागेको पाउन सकिन्छ। मानव जाति आफूसँग भएको वस्तुमा सन्तोष मानेर वा थकाई मारेर विल्कुल बस्न जानेको छैन। त्यसैले वैज्ञानिक अनुसन्धानको लागि मानिस अतृप्त ज्ञानको लागि अध्ययन गर्ने शैलीमा गुगल सर्चको हाबी हुँदै गएको पाउन सकिन्छ। शिक्षाको सिकाइ जीवनपर्यन्त रुपमा सिकिरहने वातारण निर्माण गरी सोहीबमोजिम आधुनिक र समयानुकूल शैली खोजी र अनुसन्धानमा लाग्नमा लागि महत्वपूर्ण रहेको छ।

आमसञ्चारमा सूचना र प्रविधिको विकासले छप्पक छोपेको समयमा अध्ययनशैलीलाई सकारात्मक सोचले ओतप्रोत बनाई समाज परिवर्तनका लागि आधारस्तम्भका रुपमा अगाडि बढाउन जरुरी छ। सूचना प्रवाहको बाढीले अनावश्यक योजनाविहीन सूचना र जानकारीले ग्रस्त हुँदा भविष्यमा काम लाग्ने भन्दा सूचनाको फोहोर निर्माण भई त्यसको खाडलमा युवा जमात पर्न गएको छ। नकारात्मक प्रभाव र दबाब पार्ने शैलीमा भाइरल प्रवृत्तिका कारण गुणात्मक र ज्ञानबर्द्धक शिक्षाप्रद क्षेत्र ओझेलमा परेको हो कि भनेर समयसमयमा छलफल र अर्न्तक्रियाहरु पनि हुने गरेको छ। यसलाई विद्धत वर्गमा मात्र छलफल सीमित नराखी बस्ती बस्ती र जनजनको मष्तिकमा आभास दिलाउन जरुरी छ।

> संसार सूचना र प्रविधिको विकासले ज्ञानमा आधारित समाज विश्वव्यापीकरण बनेको छ । सूचना प्रविधिमैत्री वातारण निर्माण गरी सहज र सङ्ग्रह गरी भावी पुस्ताका लागि सुमार्गमा डोऱ्याउनेतर्फ प्रयास हुनुपर्दछ । समाज विज्ञानका हरेक पक्षका सामाग्रीहरु जस्तै वातावरण, राजनैतिक, सामाजिक, भूगोल, गणित, विज्ञान, इतिहास, अर्थशास्त्र, व्यवस्थापन, साहित्य, भाषा, पत्रकारिता, कला, स्वास्थ्यलगायत पूर्वाधार विकासका लागि फराकिलो सोचका साथ गाउँ समाजमा नै बस्ने आधार निर्माण गर्न बहस र पैरवी चलाउन आवश्यक छ ।

संसारसहित ब्रहाण्डको छिटो र सरल तरिकाले जानकारी लिन मानिसलाई छिटो अवसर प्राप्त भएको छ। विश्वको बारेमा अध्ययन गर्न मानिसका लागि सानो हुन गएको छ। हिजोका दिनमा पाठशाला, कचहरी, धर्मशाला, विद्यालय, विश्वविद्यालयमा हुने शिक्षणका विधिमा समेत आजभोलि समाज कृत्रिम बौद्धिकताको प्रभाव र मेटार्फस विधिको उपयोग गर्नमा खोज अनुसन्धान र विकास विस्तारमा अहोरात्र लागेको छ। शिलालेख, मूर्ति निर्माण, पर्चा, पोष्टर, भित्तेपात्रो, आमसभा, हडताल, जुलुस, व्यानर, भित्तेलेखन, घुमन्ते गायकका माध्यमबाट समाजमा सूचना आदानप्रदान हुने गर्दथ्यो तर आज सामाजिक सञ्जालबिनाको प्रचारप्रसार र शिक्षाको प्रभावलाई सजिलो बनाई कम्प्युटर, ल्यापटप, मोबाइल, टयाब्लेटलगायतका सामग्रीबाट सहज रुपमा हासिल गर्न सकिन्छ। अहिले मानिसको रोजगारी खोस्ने र सिर्जनात्मक कार्यशैलीमा हस हुने गरी कृत्रिम बौद्धिकताको बढ्दो प्रयोगले सिकाइलाई सर्वसुलभ बनाए पनि मानिसको दैनिक व्यवहारमा हुनु पर्ने क्रियाशीलतामा न्यूनीकरण भई नसर्ने रोगहरुको प्रभावमा मानिसहरु पर्ने गरेको छ।

स्मरण शक्तिमा अनावश्यक सूचनाले तनावमा परी मानिस डिप्रेशनको शिकार हुने गरेको छ। उच्च मनोकाक्षा बढेर जाँदा जीवनमा सङ्घर्ष र कठोरताको सामना गर्नुपर्छ भन्ने ज्ञानको भौतिक रुपमा मानव समाजको विकास गर्नबाट विमुख भएकाले आत्महत्याको दुरुत्साहनको संख्या दैनिक रुपमा बढेको देखिन्छ। आत्महत्याको बढ्दो प्रवृत्तिलाई न्यूनीकरण गर्न सूचना प्रविधिको विकासको सकारात्मक पक्षलाई जनजनमा अनुभूत गराउने अभियानको खाँचो छ। सूचना शक्तिको हो। सूचनाबिना विश्वको ज्ञान, अध्ययन गर्ने अर्को माध्यम छैन। तर साइबर अपराधको बढ्दो विकासले स्वच्छ वातावरणयुक्त मष्तिकलाई तनावतर्फ दोहोऱ्याउने विकृत सामग्रीहरु प्रविधिका माध्यमबाट सर्वसुलभ हातहातमा उपलब्ध भएको छ। यसले भोलिका कर्णधार बालबालिकादेखि र ऊर्जावान युवाका लागि विष पिए सरहको नोक्सानी गरेको छ। तसर्थ ज्ञानहरुलाई बैज्ञानिक तरिकाले संग्रह गरी भावी पुस्तालाई कुलत, कुरीति, कुचलन, कुसंस्कारबाट विमुख गराई समुन्नत र समृद्धितर्फ निरन्तर डोऱ्याउनुपर्ने अवस्था आएको छ।

संसार सूचना र प्रविधिको विकासले ज्ञानमा आधारित समाज विश्वव्यापीकरण बनेको छ। सूचना प्रविधिमैत्री वातारण निर्माण गरी सहज र सङ्ग्रह गरी भावी पुस्ताका लागि सुमार्गमा डोऱ्याउनेतर्फ प्रयास हुनुपर्दछ। समाज विज्ञानका हरेक पक्षका सामाग्रीहरु जस्तै वातावरण, राजनैतिक, सामाजिक, भूगोल, गणित, विज्ञान, इतिहास, अर्थशास्त्र, व्यवस्थापन, साहित्य, भाषा, पत्रकारिता, कला, स्वास्थ्यलगायत पूर्वाधार विकासका लागि फराकिलो सोचका साथ गाउँ समाजमा नै बस्ने आधार निर्माण गर्न बहस र पैरवी चलाउन आवश्यक छ। हरेक मानिसले जीवनपर्यन्त सिकाइको शैली अनुशरण गर्ने संस्कार सुक्ष्मरुपमा भए पनि सुरुआत गर्न जरुरी छ।

# सुन्दर र समृद्ध नेपाल हाम्रो साझा उद्देश्य हो : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले सुन्दर, शान्त र समृद्ध नेपाल बनाउने आफूहरुको साझा उद्देश्य भएको बताउनुभएको छ । नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय, च्यासलमा आइतबार आयोजित पार्टी प्रवेश कार्यक्रममा एमाले अध्यक्ष ओलीले विभिन्न पेसा व्यवसायमा रहेका व्यक्तिहरुको रुचि फरक फरक हुने भए पनि साझा उद्देश्य समृद्ध नेपाल नै भएको बताउनुभयो ।

“एमाले एउटा नदी हो, यसमा सबै खोला मिसिन्छिन् । मौरीको सङ्गत



लागेर मौरीको पछिपछि लागेमा फूलबारीमा पुगिन्छ । झिँगाको सङ्गत गरेर उसको पछिपछि लागेमा फोहोरको डङ्गुरमा पुगिन्छ । तपाईंहरुको एमालेमा आउने छनोट सही छ । तपाईंहरु नमूना हुनुपर्छ”, प्रधानमन्त्री

> कार्यक्रममा नेपाल जेसिजका निवर्तमान राष्ट्रिय अध्यक्ष रविन पोखरेललगायत युवाहरु एमालेमा प्रवेश गर्नुभएको थियो ।

ओलीले भन्नुभयो, “प्रवेशका माध्यममा पार्टीमा समाहित भएकाहरु सबै मिलेर हामी साझा उद्देश्यका परिवार भएका छौँ । हामीले नेपाल प्रतिभाहरुको देश हो भन्ने कुरा स्थापित गर्नुपर्छ । हरेक पुराना रेकर्डहरु ब्रेक गर्नुछ र नयाँ नयाँ कीर्तिमान कायम गर्दै जानुपर्छ । युवाहरुलाई भड्काउने अनेक जालझेलबाट बच्नुपर्छ ।”

प्रधानमन्त्री ओलीले आफूहरुलाई प्रभाव छोड्नपर्ने नभई कामको नतिजा निकाल्नुपर्ने भएकाले साँचो र यथार्थपरक जीवनयापन गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल जेसिजका निवर्तमान राष्ट्रिय अध्यक्ष रविन पोखरेललगायत युवाहरु एमालेमा प्रवेश गर्नुभएको थियो । सो क्रममा ‘मिसेज हेरिटेज इन्टरनेसनल’का विजेता बिभा बस्नेत, युवाहरु शिवानी गौतम, गायत्री बिसीलगायत एमालेमा प्रवेश गर्नुभएको थियो ।

पोखरेल र बस्नेतले दूरदर्शी सोच भएका अध्यक्ष ओली नेतृत्वको पार्टीले देश बनाउने सङ्कल्प बोकेकाले यस अभियानमा आफूहरु सारथि बन्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा एमाले उपमहासचिव विष्णुप्रसाद रिमाल, सङ्गठन विभाग प्रमुख काशिनाथ अधिकारी, जनसङ्गठन संयन्त्र इञ्चार्ज भानुभक्त ढकाललगायत उपस्थित हुनुहुन्थ्यो ।रासस

# वन्यजन्तुमैत्री वातावरण सृजना गरी संरक्षणमा सबै लाग्नुपर्छ: मन्त्री ठकुरी

पाटन । वन तथा वातावरणमन्त्री एवं राष्ट्रिय प्रकृति संरक्षण कोषका अध्यक्ष ऐनबहादुर शाही ठकुरीले चिडियाखानालाई विस्तार गर्दै वन्यजन्तुमैत्री वातावरण सृजना गरी वन्यजन्तु संरक्षणमा सबै लाग्नुपर्ने बताउनुभएको छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोषले सदर चिडियाखाना व्यवस्थापनको २९औँ वार्षिकोत्सवका अवसरमा आइतबार जावलाखेलमा आयोजित समारोहमा मन्त्री ठकुरीले सदर चिडियाखानाको विस्तार गर्दै पूर्वाधार विकासमा संरक्षण साझेदार र विज्ञहरूको भूमिका महत्त्वपूर्ण हुने धारणा राख्नुभयो ।



“चिडियाखानालाई विकास र विस्तार गर्दै अन्तर्राष्ट्रिय रूपमा उत्कृष्ट प्राणी उद्यान बनाउन भक्तपुरको सूर्यविनायकमा काम भइरहेको छ, १४ अर्बको लागतको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार भएको छ, यो कामलाई पूर्णता दिन सरकार गम्भीर रूपले लाग्नेछ, यसमा जनप्रतिनिधिहरूको निरन्तर सहयोग आवश्यक छ”, मन्त्री ठकुरीले भन्नुभयो । उहाँले नेपाललाई प्रकृतिमय र सम्भावनाको केन्द्रका रूपमा विकास गर्दै वनलाई सम्भावना र समृद्धिसँग जोडेर अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । वनमन्त्री ठकुरीले चिडियाखानाको व्यवस्थापन कोषले गर्नेगरी निर्णय भएको भन्दै सोको कार्यान्वयन प्रयोजनका लागि सम्झौता भइसकेकाले सदर चिडियाखानाको आगामी व्यवस्थापनमा कोषलाई सफलता मिल्नेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।

“कोषको अध्यक्षका रूपमा सदर चिडियाखानाको व्यवस्थापनमा कोषले गर्दै आएका विविध कार्यक्रमहरूलाई नजिकबाट नियाल्ने अवसर पाएको छु, विगत २९ वर्षको अवधिमा चिडियाखानाले वन्यजन्तुको व्यवस्थापन, संरक्षण शिक्षा र आगन्तुकहरूका लागि मनोरञ्जन प्रदान गर्ने कार्यमा उल्लेख्य भूमिका निर्वाह गरेको छ”, उहाँले भन्नुभयो ।मन्त्री ठकुरीले चिडियाखानाले वन्यजन्तुको उद्धार, उपचार र पुनःस्थापनामा वन तथा वातावरण मन्त्रालयअन्तर्गतका विभिन्न निकायहरूसँग सहकार्य गरी उल्लेख्य भूमिका निर्वाह गरेकामा प्रशंसा गर्नुभयो ।

“चिडियाखानाको व्यवस्थापन कोषलाई हस्तान्तरण भएपश्चात् वन्यजन्तुको सम्पूर्ण बासस्थानको पुनर्निर्माण, एम्बुलेन्स र दक्ष जनशक्ति सहितको वन्यजन्तु अस्पताल सञ्चालन, वन्यजन्तुहरूलाई पोषणयुक्त दाना आहाराको सुनिश्चितता गरिनुका साथै वन्यजन्तुको कल्याणकारी व्यवस्थालाई प्राथमिकतामा राखेर विभिन्न कार्यहरू हुँदै आएको मैले पाएको छु”, उहाँले भन्नुभयो ।

मन्त्री ठकुरीले परिवेशअनुसार प्रकृतिको संरक्षण गर्दै जलवायु परिवर्तनको असरको न्यूनीकरण गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ भन्ने धारणा राख्नुभयो । उहाँले विसं २०७१ कात्तिक २ गतेको मन्त्रिपरिषद्को निर्णयबमोजिम आगामी ३० वर्षका लागि कोषलाई चिडियाखानाको व्यवस्थापन गर्ने जिम्मेवारीसहितको सम्झौता भएकामा खुसी व्यक्त गर्नुभयो ।

“नेपाल सरकारले सातवटै प्रदेशमा प्राणी उद्यान एवं वनस्पति उद्यान निर्माण गर्ने नीति लिएको छ, यस प्रकारका उद्यान निर्माणमा कोषले प्राविधिक एवं आथिक रूपमा वन तथा वातावरण मन्त्रालयसँग सहकार्य गर्नसक्ने आधारहरू छन् । आगामी ३० वर्षको अवधिमा चिडियाखानाले आफूलाई ‘हेरिटेज जु’का रूपमा विकास गरी ऐतिहासिक महत्वसहित छुट्टै पहिचान स्थापित गर्न सक्नुपर्दछ । यस चिडियाखानालाई आगामी दिनमा यहाँ रहेका वन्यजन्तुहरूलाई अन्तर ाष्ट्रिय मापदण्डबमोजिम बासस्थानको सुनिश्चितता गर्न, वन्यजन्तु अस्पतालको स्तरोन्नति, वन्यजन्तुको उद्धार तथा अन्य चिडियाखानाको क्षमता अभिवृद्धिमा सहयोग गर्नसक्ने गरी केन्द्रीय स्रोतका रूपमा विकास गर्न म कोषका सदस्य सचिव र कोषको सम्पूर्ण समूहलाई निर्देश गर्दछु”, वनमन्त्रीले ठकुरीले भन्नुभयो ।

प्रतिनिधिसभाका सांसद दुर्लभ थापाले जीवजन्तुले खुला रूपमा बाँच्न पाउने अवसर सृजना गर्नुपर्ने बताउनुभयो । उहाँले सूर्यविनायकको प्राणी उद्यानलाई गौरव गर्न लायक बनाउने गरी समन्वय र सहकार्य गरेर नेपाल सरकारले उचित र प्रभावकारी व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले थप ३० वर्षका लागि सदर चिडियाखानाको व्यवस्थापन गर्ने जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषलाई दिएकामा खुसी व्यक्त गर्नुभयो ।

> प्रमुख महर्जनले परापूर्वकालमा लगनखेलको सप्तपाताल पोखरीको पानी चिडियाखाना आउने गरेको स्मरण गर्नुहुँदै आफ्नो कार्यकालमा त्यो पूरा गरेर छोड्ने प्रतिबद्धता जनाउनुभयो ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले संरक्षण कोषलाई चिडियाखाना व्यवस्थापनको जिम्मेवारी थप ३० वर्षका लागि दिएकामा खुसी व्यक्त गर्दै यो चिडियाखाना ललितपुर महानगरको गौरव भएको बताउनुभयो । उहाँले यसको संरक्षण र प्रवर्द्धनका लागि महानगरले हरसम्भव प्रयास गर्ने उल्लेख गर्नुभयो ।

प्रमुख महर्जनले परापूर्वकालमा लगनखेलको सप्तपाताल पोखरीको पानी चिडियाखाना आउने गरेको स्मरण गर्नुहुँदै आफ्नो कार्यकालमा त्यो पूरा गरेर छोड्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले रात्रिकालीन समयमा चिडियाखाना अवलोकन गर्नसक्ने अवस्था हुन्छ कि हुँदैन भनेर अध्ययन गर्न महानगरले विभिन्न निकायसँग सहकार्य गर्ने जानकारी दिँदै हिजोकोभन्दा प्रभावकारी व्यवस्थापनका लागि आग्रह गर्नुभयो ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सदस्य जुद्धबहादुर गुरुङले अबको ३० वर्ष प्रश्न नउठ्ने गरी सदर चिडियाखानाको व्यवस्थापन गर्न आग्रह गर्नुभयो । उहाँले चिडियाखानाको क्षेत्रफल कम भएको भन्दै यसलाई वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुरको सूर्यविनायकको प्रस्तावित चिडियाखानालाई पूर्वाधारको विकासमा ध्यान दिएर आधुनिक बनाउन सबैले सहयोग र सहकार्य गर्नुपर्ने गुरुङको भनाइ छ । उहाँले राष्ट्रिय प्रकृति संरक्षण कोषले नयाँ चिडियाखानाको विकास गर्न सक्ने बताउँदै सरकारले यसको जिम्मेवारी कोषलाई नै दिनुपर्नेमा ध्यानाकर्षण गराउनुभयो । उहाँले सदर चिडियाखानाले नयाँनयाँ कार्यक्रम र परियोजना ल्याएर यसको महत्त्वलाई बढाउन आग्रह गर्नुभयो ।

मधेसी आयोगका सदस्य रेणु यादवले नेपालको प्रख्यात र दुर्लभ चराहरू, विभिन्न प्रजातिका सर्पहरू, वन्यजन्तुको संरक्षणका लागि सदर चिडियाखानाले अझै सुधार गर्नुपर्नेमा जोड दिनुभयो । पर्यटकको वृद्धि अनुसार थप पर्यटकलाई आकर्षक गर्नेगरी थप पूर्वाधार विस्तार गर्दै जानुपर्नेमा उहाँले जोड दिनुभयो । वन तथा वातावरण मन्त्रालयका सचिव डा दीपककुमार खरालले वन्यजन्तु संरक्षणका क्षेत्रमा मन्त्रालयबाट सकारात्मक, प्रभावकारी सहयोग र समन्वय हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा रामचन्द्र कँडेलले सदर चिडियाखाना सबैले अपनत्व गर्ने संस्थाका रूपमा विकसित होस् भन्ने कामना व्यक्त गर्नुभयो । उहाँले दुर्लभ र लोपोन्मुख वन्यजन्तु संरक्षणका लागि प्रभावकारी ढङ्गले अगाडि बढाउन आग्रह गर्दै विभागबाट सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले चिडियाखानाको दायरा साँघुरो अवस्थामा रहेको बताउँदै यसलाई विकास र विस्तार गर्ने कार्यलाई ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।


साझेदार संस्थाहरूका तर्फबाट डा घनश्याम गुरुङले नेपालको विकासका वन्यजन्तुको संरक्षण गर्दै पर्यटनको विकासका लागि काम गर्नुपर्नेमा जोड दिनुभयो ।‘फ्रेन्डस्अफ जु कमिटी’का अध्यक्ष खगेन्द्र नेपालले संरक्षण शिक्षाको पर्यायका रूपमा विद्यालयलाई समावेश गरेर लैजाने सोचअनुरुप ल्याएको अभियानमा एक लाख २० हजारभन्दा बढी विद्यार्थी समाहित भएका जानकारी गराउनुभयो । यसले देशका विभिन्न क्षेत्रमा संरक्षणसम्बन्धी शिक्षा पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

प्रकृति संरक्षण कोषका निर्देशक चिरञ्जीवी पोखरेलले विसं १९८९ मा तत्कालीन प्रधानमन्त्री जुद्धशम्शेर जङ्गबहादुर राणाले स्थापना गरेको सदर चिडियाखानाको व्यवस्थापन राष्ट्रिय प्रकृति संरक्षण कोषलाई ६० वर्षका लागि हस्तान्तरण गर्ने भनी विसं २०५२ पुस १४ गतेको मन्त्रिपरिषद्बाट भएको निर्णयबमोजिम कोषले चिडियाखाना व्यवस्थापन गरेको २९ वर्ष पूरा भएको जानकारी गराउनुभयो ।

कोषले वन्यजन्तुको शारीरिक तथा मासिक स्वस्थताका लागि अन्राष्ट्रियस्तरको मापदण्ड तथा अभ्यासलाई अनुशरण गर्दै पोषणयुक्त दानाका लागि ‘डाइट चार्ट’ तयार गरी सोहीबमोजिम दाना आहारा उपलब्ध गराउने, दक्ष प्राविधिक, एम्बुलेन्स र ल्याबसहितको वन्यजन्तु अस्पताल सञ्चालन गर्ने, साथै घाइते, अस्वस्थ, समस्याग्रस्त वन्यजन्तुको उद्धार व्यवस्थापनको छुट्टै इकाइ व्यवस्था गरी सञ्चालन गर्ने र वन्यजन्तु प्रजननमार्फत स्वस्थानीय संरक्षण कार्यसमेत योगदान गरेको निर्देशक पोखरेलले जानकारी दिनुभयो ।रासस

# वैकल्पिक वित्तीय स्रोत जुटाउन विधेयक ल्याउँदै सरकार

काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विकासको उच्च आकाङ्क्षालाई सम्बोधन गर्न सरकारले वैकल्पिक विकास वित्तको तयारी गरेको बताउनुभएको छ । नयाँ र वैकल्पिक वित्तीय स्रोत खोज्नका लागि नीतिगत व्यवस्था गर्न सरकारले विधेयक ल्याउने तयारी गरिरहेको पनि उहाँले बताउनुभयो ।



“राजस्व, वैदेशिक सहयोग र ऋणमा आधारित परम्परागत स्रोतले मात्र वित्त व्यवस्थापन र विकासको तीव्र आकाङ्क्षा तथा चाहनालाई सम्बोधन गर्न चुनौतीपूर्ण छ”, अर्थमन्त्री पौडेलले भन्नुभयो, “त्यसैले दीर्घकालीन विकासको आवश्यकतालाई सम्बोधन गर्नेगरी वैकल्पिक विकास वित्तका निम्ति सार्थक र प्रभावकारी कदम चाल्न वैकल्पिक विकास वित्त व्यवस्थापनसम्बन्धी विधेयकको मस्यौदा तयारी गरेका छौँ र यसलाई छिट्टै कानुनी प्रक्रियामा प्रवेश गराउँदैछौँ ।”

अर्थ मन्त्रालयको आन्तरिक छलफलका क्रममा अर्थमन्त्री पौडेलले नेपालको तीव्र विकासका लागि नयाँ सोच र दृष्टिकोणका साथ अघि बढ्न आवश्यक रहेको र वैकल्पिक विकास वित्तबाट थप स्रोत जुटाउन तथा लगानी गर्न महत्वपूर्ण सहयोग पुग्ने बताउनुभएको हो । “आर्थिक समृद्धिका लागि पूर्वाधारमा मात्र नभए र दक्ष जनशक्तिको विकास र सफ्टपावरमा पनि ठूलो लगानी गर्न जरुरी छ”, अर्थमन्त्री पौडेलले भन्नुभयो, “वैकल्पिक वित्तले सार्वजनिक विकासका धेरै क्षेत्रमा सिर्जनशील र नयाँनयाँ दृष्टिकोणका लागि ढोका खोल्नेछ ।”

अर्थमन्त्री पौडेलले नेपालमा भएका विकासका धेरै कामप्रति अपनत्व लिँदै अघि बढ्न, थप स्रोत व्यवस्थापन तथा त्यसको परिचालनका लागि स्पष्ट योजनाका साथ खुला हृदयले अघि बढ्नुपर्नेसमेत धारणा राख्नुभयो । “विकास र आर्थिक समृद्धिका लागि राजनीतिक दल, निजी क्षेत्र र सरोकारवालाहरूले पनि विगतको आ-आफ्नो भूमिकालाई नयाँ ढङ्गले अघि बढाउनुपर्छ । सरकार पनि त्यसका लागि तयार छ”, उहाँले भन्नुभयो ।

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईका अनुसार वैकल्पिक विकास वित्तले पूर्वाधार क्षेत्रको प्राथमिकीकरण, पूर्वाधार लगानीका लागि स्वदेशी तथा विदेशी स्रोत लगानीको व्यवस्था, विभिन्न वित्तीय उपकरणको सही प्रयोग लगायतमा सहयोग गर्छ । यसैगरी सार्वजनिक निजी साझेदारी, पूर्वाधार बोन्ड, पूर्वाधार कोषलगायतले निजी क्षेत्र पनि अघि बढ्ने अझ फराकिलो अवसर सिर्जना गर्ने जनाइएको छ ।

नेपालको दीर्घकालीन आर्थिक र सामाजिक विकासको प्रमुख आधार भनेको पूर्वाधार तथा उत्पादनशील क्षेत्रको विकास तथा प्रवर्द्धन भएको उहाँको भनाइ थियो । “नेपालमा ऊर्जा, यातायात, स्वास्थ्य, शिक्षा, जलस्रोत, उत्पादनशील उद्योग र कृषियोग्य भूमिको उपयोगलगायत क्षेत्रमा ठूला परियोजना आवश्यक छन्, जुन राष्ट्रिय विकासका लागि अत्यन्त महत्त्वपूर्ण छन् । पारम्परिक सरकारी बजेट र वित्तीय स्रोतहरू यी ठूला र दीर्घकालीन परियोजनाहरूका लागि पर्याप्त नहुन सक्छन्”, उहाँले भन्नुभयो “यस सन्दर्भमा वैकल्पिक वित्तीय स्रोतहरूको प्रयोग गरेर नेपालका महत्वपूर्ण पूर्वाधार तथा उत्पादनशील परियोजनाहरूलाई गति दिन आवश्यक देखिएको छ ।”

वैकल्पिक वित्तीय स्रोतअन्तर्गत विभिन्न प्रकारका लगानी संरचनाहरू जस्तै भेन्चर क्यापिटल, म्युचुअल फन्ड, परियोजना विशेष ऋणपत्र, रेमिट कोष, पूर्वाधार कोष, परियोजना इन्कुबेशन कोष तथा अन्य वित्तीय साधन प्रयोग हुनेछन् । रासस

# भ्रष्टाचार निवारण ऐनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने

काठमाण्डु । प्रतिनिधिसभाका सांसदहरुले ‘भ्रष्टाचार निवारण ऐन, २०५९’ को प्रभावकारी कार्यान्वयनमा जोड दिनुभएको छ ।


ट्रासपरेन्सी इन्टरनेशन (टीआई) नेपालले यहाँ आइतबार आयोजना गरेको ‘महिलाका सामाजिक तथा आर्थिक अधिकारमा भ्रष्टाचारको नकारात्मक प्रभाव’ विषयक अन्तरक्रियामा सांसदहरुले भ्रष्टाचारको सम्बन्धमा सर्वसाधारणको सुख शान्ति र आर्थिक हितका लागि ऐनको प्रभावकारी कार्यान्वयन जरुरी रहेको बताउनुभयो । सांसद रोशना कार्कीले सबै क्षेत्रबाट भ्रष्टाचार हटाउन ऐनको कार्यान्वयनमा सबै लाग्नुपर्ने बताउनुभयो । अहिलेको निर्वाचन प्रणाली अत्यन्त महङ्गो भएकाले पनि भ्रष्टाचारलाई प्रशय पुगेको हो कि भन्ने उहाँको धारणा थियो ।

सांसद लक्ष्मी तिवारीले मुलुकमा व्यवस्था परिवर्तन भए पनि सामाजिक सोचमा खासै परिवर्तन नभएको उल्लेख गर्दै तुलनात्मक रुपमा महिलाले अवसर र जिम्मेवारी पाएमा भ्रष्टाचार न्यूनीकरणमा सहयोग पुग्ने भनाइ राख्नुभयो । सांसद शान्ति श्रेष्ठले महिलालाई हरेक क्षेत्रको नेतृत्वमा सुनिश्चित सहभागी गराई सुशासन स्थापित गराउन राज्यले विशेष नीति अवलम्बन गर्नुपर्ने बताउनुभयो । भ्रष्टाचारका कारणले गर्दा विभिन्न वर्गका महिलालाई पर्ने असर कम गराई समग्र महिलाको आर्थिक र सामाजिक अधिकार सुनिश्चित गरिनुपर्नेमा उहाँको जोड थियो ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले संसद्मा दर्ता भएको भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक २०७६ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन), २०७६ लाई प्रभावकारी बनाउने गरी शीघ्र पारित गरि प्रभावकारी कार्यान्वयन गर्नुपर्ने धारणा राख्नुभयो । रासस

# अटिजम भएका बालबालिकाको हेरचाहका लागि निर्देशिका तयार पार्ने समिति गठन

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले अटिजम भएका बालबालिकाको हेरचाहका लागि निर्देशिका तयार पार्न १० सदस्यीय समिति गठन गर्नुभएको छ । डा दीपकप्रकाश महराको संयोजकत्वमा गठित समितिमा दीपकराज सापकोटा, डा सुनिता मलेकु, डा मेरिना श्रेष्ठ र डा अरुण कुँवर सदस्य रहुनुभएको छ ।



त्यसैगरी, ध्रुव केदार अधिकारी, सन्तोष रायमाझी, उमेश तामाङ तथा कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखाका प्रतिनिधिलाई सदस्य तथा मन्त्रालयको बहुक्षेत्रीय समन्वय शाखा प्रमुखलाई सदस्य सचिव तोकिएको छ । समितिले एक महिनाभित्र अटिजम रोकथामका विषयमा अध्ययन गरेर स्वास्थ्य क्षेत्रका कार्यक्रममा समावेश गर्न सकिने विषय सुझाव दिनेछ । साथै अटिजम भएका बालबालिकाको हेरचाह, उपचार तथा सहयोगसम्बन्धी क्रियाकलाप निर्देशिकामा समावेश गर्नेछ ।

समितिले अटिजमका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्था तथा विकास साझेदारसँग सहकार्यको खाकासमेत तयार पार्ने मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो । नेपालको जनगणना २०७८ अनुसार अटिजम भएका व्यक्तिको संख्या चार हजार आठ सय ८४ रहेको छ । तर, विश्व स्वास्थ्य सङ्गठनले भने नेपालमा झण्डै तीन लाखमा यस्तो समस्या रहेको आकलन गरेको छ ।केही समयअघि अटिजमका क्षेत्रमा कार्यरत विज्ञहरुसँगसमेत मन्त्री पौडेलले अन्तरक्रिया गर्दै चाल्नुपर्ने कदमका बारेमा राय सुझाव सङ्कलन गर्नुभएको थियो ।रासस

# ‘सबै क्षेत्रमा महिलाको सहभागिता वृद्धि गर्न आवश्यक छ’

मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सबै क्षेत्रमा महिलाको सहभागिता वृद्धि गर्नुपर्ने आवश्यकता रहेको जनाउनुभएको छ ।नेपाल बार एशोसिएसन महिला कानुन व्यवसायी महिलाहरूको ३१औँ राष्ट्रिय सम्मेलनको आइतबार समापन कार्यक्रममा उहाँले न्यायसम्पादन, सरकारी क्षेत्र र सङ्घसंस्थामा महिलाको सहभागिता वृद्धिका लागि विशेष प्रोत्साहन गरी अवसर सिर्जना गर्नुपर्ने सुझाव दिनुभयो ।

मुख्यमन्त्री कार्कीले प्रदेश सरकारको कार्य क्षेत्राधिकार परेमा महिला कानुन व्यवसायीहरूको विराटनगर घोषणापत्र कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले महिला इमान्दार र सक्षम हुनाले उहाँहरूलाई प्राथमिकता दिनुपर्नेमा जोड दिँदै उहाँले महिलाले घरसँगै समाज र राष्ट्रलाई समृद्ध बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने विचार राख्नुभयो ।

मुख्यमन्त्री कार्कीले प्रदेशले विसं २०८२ मा मनाइने पर्यटन वर्षमा महिला कानुन व्यवसायीहरूको राष्ट्रियस्तरको कार्यक्रम यस क्षेत्रमा गर्न आग्रह गर्दै यसमा सरकारले विशेष सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले स्थानीय पालिकालाई महिला कानुन व्यवसायी राख्न सुझाव दिँदै यसबाट पालिकाको न्यायसम्पादनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

# सन् २०२४ मा विश्वको ध्यान खिचेका प्रमुख घटना

काठमाण्डु । सन् २०२४ को अन्त्य हुँदै गर्दा विश्वले नयाँ वर्षलाई स्वागत गर्न तयारी गरिरहेको छ । यो वर्षलाई आकार दिने महत्त्वपूर्ण घटनाहरू प्रतिबिम्बित गर्ने यो राम्रो समय पनि हो । सन् २०२४ मा विश्वभरका विभिन्न सङ्कटहरू देखिएको वर्ष थियो । यस वर्ष धेरै ठूला घटना र प्रकोपहरू भए र तिनीहरूको प्रभाव सम्भवतः लामो समयसम्म महसुस गरिने छ । सन् २०२४ मा चर्चित केही घटनाहरू यहाँ प्रस्तुत गरिएको छः




**मध्यपूर्व द्वन्द्व**

सन् २०२३ को अक्टोबरमा हमासले इजरायलमा गरेको आक्रमणबाट भएका घटनाहरू सन् २०२४ मा मध्यपूर्वमा प्रतिध्वनित भएका छन् । इजरायलले गाजामा आफ्नो युद्ध जारी राख्यो । इजरायलको आक्रमणबाट मृत्यु हुने प्यालेस्टिनीहरूको संख्या अहिले ४५ हजार नाघेको छ र उत्तरी गाजा अनिकालको सङ्घारमा छ ।

इजरायलले हमासका नेता र अक्टोबर ७ मा मुख्य योजनाकार याह्या सिनवारको हत्यासहित धेरै रणनीतिक विजय प्राप्त गर्‍यो । यद्यपि यसको रणनीतिक उद्देश्य-हमासलाई पराजित गर्नु-अधुरो नै रह्यो । अप्रिलमा इजरायलले दमास्कसमा रहेको इरानको वाणिज्य दूतावासमा बम प्रहार गरेपछि इरानले इजरायलमा अभूतपूर्व मिसाइल र ड्रोन आक्रमण गर्‍यो । इजरायलले अमेरिका र पश्चिमी सहयोगका साथ आक्रमणलाई पराजित गर्‍यो । इजरायलले इरानको हवाई रक्षामा सीमित हवाई आक्रमण गरेर जवाफ दियो ।

इजरायलले जुलाईमा तेहरानमा नयाँ इरानी राष्ट्रपतिको उद्घाटनमा सहभागी भएका हमासका वरिष्ठ नेता इस्माइल हानियाको हत्या गरेको थियो । दुई महिनापछि इरानले इजरायलमाथि अर्को क्षेप्यास्त्र आक्रमण गरेर जवाफ दियो । अक्टोबरको अन्त्यमा इजरायलको जवाबी हवाई आक्रमणले इरानको क्षेप्यास्त्र उत्पादनलाई कमजोर बनायो र यसको हवाई सुरक्षालाई ध्वस्त बनायो ।

सेप्टेम्बरको मध्यमा इजरायलले उत्तरी इजरायल विरुद्ध मिसाइल र रकेट आक्रमण गरिरहेको हिजबुल्लाहलाई एक गोप्य अपरेसनसँगै सजाय दियो । यस घटनामा दर्जनौँ हिजबुल्लाह कार्यकर्तालाई मार्न विस्फोटक पेजरहरू प्रयोग गरिएको थियो ।

दुई हप्तापछि इजरायली हवाई आक्रमणमा लामो समयदेखिका हिजबुल्लाहका नेता हसन नसरल्लाह मारिए । त्यसपछि इजरायली स्थल सेनाले दक्षिणी लेबनानमा आक्रमण गरी हिजबुल्लाह सेनालाई पछाडि धकेलेको थियो । हमास र हिजबुल्लाहको कमजोरीले सिरियामा टर्की समर्थित सेनाहरूलाई डिसेम्बरमा बशर अल-असदको सरकारलाई अपदस्थ गर्ने अवसर सिर्जना गर्‍यो । दुई महिनाको खुला युद्धपछि लेबनानमा नोभेम्बर २७ मा एउटा नाजुक युद्धविराम लागु भयो ।

**बशर अल-असदको पतन**

सिरियामा इस्लामवादी विद्रोही समूह हयात ताहरिर अल-साम (एचटिएस) द्वारा नोभेम्बर २७ मा सुरु गरिएको ११ दिनको अप्रत्याशित आक्रमणपछि राष्ट्रपति बशर अल-असद देशबाट मस्को भाग्न बाध्य हुनुभयो । दमास्कसको पतनको एउटा प्रतीकात्मक क्षण कुख्यात सेदनया जेलबाट कैदीहरूको रिहाइ थियो । राजधानीको उत्तरमा रहेको त्यो जेल विशेष गरी २०११ मा सिरियाको गृहयुद्ध सुरु भएदेखि असद वंशको ५० वर्षको शासनअन्तर्गत यातना र मृत्युदण्डको प्रतीक थियो ।

देशको इस्लामवादी नेतृत्वको सरकारले देशमा रहेका अल्पसंख्यक र विदेशमा रहेका सरकारहरूलाई सबै सिरियालीको सुरक्षा गर्ने आश्वासन दिन खोजेको देखिन्छ । यद्यपि अलकायदासँगको सम्बन्धका कारण अन्तर्राष्ट्रिय समुदायले नयाँ सरकारको गतिविधिलाई ध्यानमा राख्दै तत्काल सिरियामाथि लगाइएको प्रतिबन्ध हटाएका छैनन् ।

असदको निष्कासनपछि देशको हतियारहरू अन्तरिम सरकारको हातमा पर्नबाट रोक्न चाहेको भन्दै इजरायलले सिरियाको सैन्य स्थलहरूमा सयौँ आक्रमण गरेको छ ।इजरायलले गोलान हाइट्समा संयुक्त राष्ट्र-नियन्त्रित बफर जोन पनि कब्जा गरेको छ ।

**रुस-युक्रेन द्वन्द्व**

सन् २०२२ फेब्रुअरी २४ मा रुसको आक्रमणपछि युक्रेनले अगस्टमा रुसको कुर्स्क क्षेत्रमा आश्चर्यजनक आक्रमण सुरु गर्‍यो । यद्यपि युक्रेन पूर्वी युक्रेनमा लडाइँबाट मस्कोको सेनालाई विचलित गर्ने आफ्नो लक्ष्यमा असफल भएको छ । रुसले घातक आक्रमणका साथ जवाफ दियो । किएभको सेना विशेषगरी पूर्वी डोनबास क्षेत्रमा रूसी सेनाको स्थिर प्रगति रोक्न सङ्घर्ष गरिरहेको छ ।

नोभेम्बरमा युक्रेनले अमेरिका र बेलायतको स्वीकृति पाएपछि पहिलो पटक रूसी भूभागमा पश्चिमबाट आपूर्ति गरिएको लामो दूरीको क्षेप्यास्त्र प्रयोग गरेको थियो । रुसले युक्रेनलाई आणविक वारहेड बिना हाइपरसोनिक ओरेसनिक मिसाइलले प्रहार गरेर जवाफ दियो । साथै किएभले पश्चिमी हतियारले आक्रमण जारी राखे त्यस्ता आक्रमणहरू जारी राख्ने प्रतिबद्धता व्यक्त गर्‍यो ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनीहरूलाई हतियार उपलब्ध गराउने देशहरूमा आक्रमण गर्ने धम्की समेत दिनुभएको छ । नोभेम्बरको अन्त्यमा रुसले युक्रेनको ऊर्जा पूर्वाधारमा ठूलो आक्रमण गर्‍यो । हालैका सातामा रुसले दक्षिणी युक्रेनमा आक्रमणहरू बढाउँदा यस क्षेत्रमा नयाँ रूसी आक्रमणको डरलाई बलियो बनाएको छ ।

> रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनीहरुलाई हतियार उपलब्ध गराउने देशहरुमा आक्रमण गर्ने धम्की समेत दिनुभएको छ । नोभेम्बरको अन्त्यमा रुसले युक्रेनको ऊर्जा पूर्वाधारमा ठूलो आक्रमण गर्‍यो ।

**युरोपेली युद्धमा उत्तर कोरियाली सैनिक**

यस वर्ष ११ हजारभन्दा बढी उत्तर कोरियाली सैनिकको तैनाथीले रुस-युक्रेन युद्धलाई वास्तवमै विश्वव्यापी सङ्घर्षमा परिणत गर्‍यो ।

उत्तर कोरियालीहरू पहिले भाषा सिक्न र आफ्ना नयाँ साथी सैनिकहरूको सञ्चालन कार्यप्रणाली बुझ्न रुसी अड्डाहरूमा तालिमका लागि तैनाथ भएका थिए । रुसको कुर्स्क प्रान्तमा युक्रेनी फौजलाई पछि धकेल्ने प्रयास गर्दै वर्षको अन्तिम साताहरूमा तिनीहरू युद्धमा होमिए । युक्रेन र अमेरिकी अधिकारीहरूका अनुसार सयौँ उत्तर कोरियाली सैनिक लडाईंमा मारिए वा घाइते भएका छन् ।

**सुडान गृहयुद्ध**

सन् २०२३ अप्रिलमा सुडानमा सुरु भएको गृहयुद्ध सन् २०२४ मा निरन्तर जारी रह्यो । लडाइँले जनरल अब्देल फताह अल-बुरहानको नेतृत्वमा सुडानी सशस्त्र बल (एसएएफ) लाई मोहम्मद हमदान 'हेमेदी' दागालोको नेतृत्वमा रहेको र्यापिड सपोर्ट फोर्स (आरएसएफ) मिलिशिया विरुद्ध खडा गरेको छ । यी दुई व्यक्तिले अक्टोबर २०२१ मा एक विद्रोहमा संयुक्त रूपमा सत्ता कब्जा गरेका थिए । दुई दशकअघि डार्फर नरसंहारका लागि जिम्मेवार कुख्यात आरएसएफले सुडानको राजधानी खार्तुम र डार्फरको धेरैजसो नियन्त्रण कब्जा गर्‍यो ।

सेप्टेम्बरको अन्त्यमा एसएएफले खार्तुमलाई पुनः प्राप्त गर्न ठूलो आक्रमण सुरु गर्‍यो । तिनीहरूले सहरका केही भागहरू पुनः कब्जा गरे तर आरएसएफ सेनाहरूलाई पूर्ण रूपमा हटाउन असफल भए । लडाइँ सुरु भएपछि सुडानी जनताले दुःख भोगेका छन् । मृत्युको सही संख्या अज्ञात छ । मृतकको संख्या २० हजार पुगेको अनुमान गरिए पनि युद्धसँग सम्बन्धित रोग र भोकमरीलाई समावेश गर्दा यो संख्या ६० हजारभन्दा बढी वा अझ बढी हुनसक्छ । डार्फरमा अनिकाल घोषणा गरिएको छ ।

द्वन्द्वले लगभग पाँच करोड कूल जनसंख्यामध्ये करिब एक करोड १० लाख मानिसलाई विस्थापित गरेको छ । एसएएफ र आरएसएफ दुवैलाई लडाइँ जारी राख्न सक्षम बनाउने शक्तिशाली बाह्य समर्थकहरू रहेकाले दुवैले आफू विजयी हुने विश्वास गर्छन् ।

**ट्रम्पको पुनरागमन**

डोनाल्ड ट्रम्पले एक पटक फेरि विश्वलाई स्तब्ध पार्नुभयो । अमेरिकी राष्ट्रपति चुनाव जित्नका लागि धेरै कडा दौडको प्रक्षेपणलाई उहाँले गलत साबित गर्नुभयो ।

चुनावी अभियानबाट पछि हट्नुभएका राष्ट्रपति जो बाइडेनको स्थानमा उम्मेदवारी दिनुभएकी डेमोक्रेट कमला ह्यारिसलाई ट्रम्पले सजिलै पराजित गर्नुभयो । चार अभियोग र आपराधिक सजायको सामना गर्ने ७८ वर्षीय ट्रम्पमाथि दुई असफल हत्या प्रयास भएका थिए । ट्रम्प सन् २०२५ जनवरी २० मा ह्वाइट हाउस फर्कनुहुनेछ । अमेरिकामा ट्रम्पको विजयले 'अमेरिका पहिलो' को पुनरुत्थानका साथसाथै अमेरिकालाई धेरै अन्तर्राष्ट्रिय संस्थाहरूबाट फिर्ता लिने सम्भावना छ । ती संस्थाहरूलाई ट्रम्पले अमेरिकी करदाताहरूको पैसा खाएको ठान्नुहुन्छ ।

**जलवायु प्रकोप**

मौसम लगातार तातो हुँदै गइरहेको छ । वैज्ञानिकहरूले दशकौँदेखि जीवाश्म इन्धनको हाम्रो लतले जलवायु परिवर्तन गर्ने चेतावनी दिँदै आएका छन् । तथ्यहरूले तिनीहरूलाई समर्थन पनि गरेको छ । वायुमण्डलमा कार्बन डाइअक्साइडको स्तर बढ्दै गएको छ । सन् २०२४ रेकर्डमा सबैभन्दा तातो वर्षको रूपमा तल जानेछ । सन् २०२४ मा पहिलो पटक औसत विश्वव्यापी तापमान पूर्व-औद्योगिक समयको तुलनामा १.५ डिग्री सेल्सियस बढी थियो । सन् २०१५ को पेरिस सम्झौताले विश्वलाई स्थायी रूपमा त्यो स्तर उल्लङ्घन गर्नबाट रोक्न खोजेका बेला यो खतरनाक सङ्केत हो ।

बदलिँदो मौसमका केही परिणामहरू देखिएका छन् । सन् २०२४ को पहिलो १० महिनामा संयुक्त राज्य अमेरिकामा मौसम सम्बन्धी आएका २४ वटा प्राकृतिक प्रकोपले कम्तीमा एक१ अर्ब डलरको क्षति पुर्याएको थियो । रेकर्ड खडेरीले उत्तरी दक्षिण अमेरिकालाई तहसनहस पारेको छ । विश्वको सबैभन्दा ठूलो नदी प्रणाली अमेजनका केही भाग सुकेको छ । आप्रवासनको अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम) का अनुसार पश्चिम र मध्य अफ्रिकामा असामान्य रूपमा तीव्र वर्षाको मौसममा एक हजार पाँच सयभन्दा बढीको मृत्यु भएको छ ।

सेप्टेम्बरमा हेलेन नामको आँधीले दक्षिणपूर्वी संयुक्त राज्य अमेरिकामा प्रहार गर्‍यो । टाइफुन क्राथन ताइवानमा ठोक्कियो र आँधी बोरिसले मध्य युरोपमा बाढी र विनाश ल्यायो । टाइफुन यागी र बेबिन्काले एसियामा विनाश निम्त्यायो । अक्टोबरमा विनाशकारी भूमध्यसागरीय आँधीले पूर्वी स्पेनमा प्रहार गर्दा यसले दशकहरूमा यसको सबैभन्दा खराब बाढी निम्त्यायो र दुई सय ३० भन्दा बढी मानिसको मृत्यु भयो ।

डिसेम्बरमा चक्रवात चिडोले फ्रान्सेली ओभरसिज क्षेत्र मायोट्टलाई ध्वस्त पारेको थियो ।जलवायु सम्बन्धी वार्षिक अन्तर्राष्ट्रिय सम्मेलन कोप २९ ले विकासशील देशहरूलाई उत्सर्जन कटौती र जलवायु अनुकूलनका लागि आर्थिक सहयोग गर्नमा केही मात्र प्रगति गर्न सकेको छ ।

## दक्षिण कोरिया विमान दुर्घटनाः

# चरा ठोक्किन सक्ने चेतावनी दिइएको थियो

एएफपी

सियोल । दक्षिण कोरियाको दक्षिणपश्चिमी प्रान्त मुआनमा दुर्घटनाग्रस्त जेजु एयरको यात्रुवाहक विमान दुर्घटना हुनुभन्दा छ मिनेटअघि विमानस्थलको कन्ट्रोल टावरले चरा ठोक्किन सक्ने चेतावनी दिएको थियो ।सियोलबाट २८८ किलोमिटर दक्षिणपश्चिममा रहेको दक्षिण जिओला प्रान्तको मुआन काउन्टीस्थित मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा जेजु एयरको विमान अवतरणका क्रममा धावनमार्गबाट चिप्लिएर पर्खालमा ठोक्किएर आइतबार बिहान दुर्घटना भएको थियो ।

हवाई सुरक्षाको रेखदेख गर्ने भूमि, पूर्वाधार तथा यातायात मन्त्रालयको प्रेस ब्रिफिङ अनुसार कन्ट्रोल टावरले बिहान ८:५७ बजे चेतावनी जारी गरेको हो ।विमान चालकले चेतावनीपछि सङ्कटकालीन अवस्थाको घोषणा बिहान ८:५९ मा गरेको मन्त्रालयले जनाएको छ । त्यसपछि चालकले बिहान ९ बजे अवतरणको प्रयास गरेपनि तीन मिनेटपछि बिहान ९ बजेर ३ मिनेटमा अवतरण गर्ने क्रममा विमान दुर्घटनाग्रस्त भएको थियो ।

"धावनमार्ग नम्बर १ मा अवतरण गर्ने क्रममा कन्ट्रोल टावरले चरा ठोक्किनसक्ने अवस्थाको (बर्ड स्ट्राइक) को चेतावनी जारी गरेको थियो र त्यसको केही समयपछि चालकले आपतकालीन अवस्था (मे डे) को घोषणा गरेका थिए," मन्त्रालयले भनेको छ।

अधिकारीहरुका अनुसार कन्ट्रोल टावरले धावन मार्गमा विपरीत दिशामा अवतरणका लागि अनुमति दिएको थियो, त्यसपछि पाइलटले रनवेमा ठोक्किएर भित्तामा नठोक्किँदासम्म अवतरणलाई सुरक्षित गर्ने प्रयास गरेका थिए ।मन्त्रालयले मुआन विमानस्थलको धावनमार्ग तुलनात्मक रुपमा छोटो भएका कारण दुर्घटना भएको भन्ने धारणालाई अस्वीकार गरेको छ ।धावनमार्ग दुई हजार ८०० मिटर लामो भए पनि निर्माण कार्य जारी रहेकाले अहिले वास्तविक लम्बाइ करिब दुई हजार ५०० मिटर रहेको छ ।

"आज दुर्घटनाग्रस्त भएको बोइङ ७३७-८०० विमान एक हजा़ ५०० मिटरदेखि एक हजार ६०० मिटर लामो धावनमार्गमा अवतरण गर्न सक्छ," मन्त्रालयका एक अधिकारीले भने । उनले भने, "धावनमार्गको लम्बाइका कारण दुर्घटना भएको भन्न गाह्रो छ किनभने अन्य विमानहरू कुनै समस्या बिना अवतरण गरिरहेका छन्।"कोरिया एयरपोर्ट कर्पोरेशन (क्याक) को तथ्याङ्कअनुसार मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा सन् २०१९ देखि यस वर्षको अगष्टसम्म १० वटा चरा ठोक्किएका घटना (बर्ड स्ट्राइक) भएका छन् ।

क्याकका अनुसार विमानस्थलहरूले चराहरूलाई टाढा राख्न ध्वनिक निवारक र अन्य उपायहरू प्रयोग गरेका छन्।यातायात मन्त्रालयले आफ्नो 'एभिएसन एन्ड रेलवे एक्सिडेन्ट इन्भेस्टिगेसन बोर्ड'का सदस्यहरूलाई आइतबार दिउँसो मुआन विमानस्थलमा पठाएको छ। उनीहरूले विमानबाट फ्लाइट डाटा रेकर्डर (ब्लाक बक्स) निकालेका छन् भने ककपिट भ्वाइस रेकर्डर सुरक्षित गरिरहेका छन् । दुर्घटनाको वास्तविक कारण पत्ता लगाउन लामो समय लाग्ने अधिकारीहरूले बताएका छन् ।विमानमा सवार १७५ यात्रु र चालक दलका छ सदस्यगरी १८१ जनामध्ये १७६ जनाको मृत्यु भएको छ भने तीन जना बेपत्ता भएका थिए । चालक दलका दुई सदस्यलाई जीवितै उद्धार गरिएको छ ।

मुआन दुर्घटना दक्षिण कोरियामा अहिलेसम्मकै तेस्रो सबैभन्दा घातक हवाई दुर्घटना हो । सन् १९८३ मा सोभियत लडाकु विमानले रूसी आकाशमा उडेको कोरियन एयरको विमान खसाल्दा विमानमा सवार सबै २६९ जनाको मृत्यु भएको थियो भने सन् १९९७ मा गुआममा कोरियन एयरको विमान दुर्घटना हुँदा २२५ जनाको मृत्यु भएको थियो ।



**विमानको 'ब्ल्याक बक्स' भेटियो, १६७ को मृत्यु भएको पुष्टि**

दक्षिण कोरियाको यातायात मन्त्रालयले आइतबार आफ्नो अनुसन्धान एकाइले दुर्घटनाग्रस्त यात्रुवाहक विमानबाट दुवै 'ब्ल्याक बक्स' सुरक्षित निकालेको जनाएको छ ।

'ब्ल्याक बक्स' विमान उडानका समय भएका गतिविधिहरूको रेकर्ड गर्ने उपकरण हो । भूमि, पूर्वाधार तथा यातायात मन्त्रालयका एक अधिकारीले स्थानीय टेलिभिजनलाई दिएको जानकारीमा 'दुर्घटनाको वास्तविक कारण पत्ता लगाउन उडानसम्बन्धी तथ्याङ्क (डाटा) र भ्वाइस रेकर्डर दुवै भेटिएका' बताउनुभएको छ । विमानमा १७३ दक्षिण कोरियाली र दुई थाइल्याण्डका नागरिकसहित १७५ यात्रु रहेका थिए भने छ जना चालक दलका सदस्य थिए ।

दुर्घटनाग्रस्त विमान राजधानी सियोलबाट करिब २९० किलोमिटर दक्षिणपश्चिममा रहेको मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने क्रममा स्थानीय समयअनुसार आइतबार बिहान ९:०७ बजे दुर्घटनाग्रस्त भएको थियो । थाइल्याण्डको बैङ्ककबाट उडेको जेजु एयरको विमान ७सी२२१६ रनवेबाट चिप्लिँदा धावनमार्गको बाहिरी भित्तामा ठोक्किएर दुर्घटनाग्रस्त भएको थियो ।

विमानमा सवार १८१ जनामध्ये ३३ र २५ वर्षका दुई जना चालक दलका सदस्यबाहेक सबैको मृत्यु भएको अनुमान गरिएको छ । हराइरहेका यात्रुको खोजी कार्य जारी छ । अग्नि नियन्त्रक अधिकारीहरूले चराको आक्रमणका कारण विमान दुर्घटना भएको हुनसक्ने अनुमान गरेका छन्। पहिलो अवतरण प्रयासपछि, विमान अवतरण गियरको अनुमानित खराबीको कारण विमानले पुनः आकाशमा फर्किएको र दोस्रो अवतरण प्रयास 'बेली-ल्यान्डिंग'को साथ गरिएको थियो ।

स्थानीय टेलीभिजनले प्रशारण गरेको एउटा फुटेजमा बोइङ ७३७-८०० विमानबाट कालो धुवाँको मुस्लो निस्केको देखिएको छ । अर्को फुटेजमा विमानको दायाँ पखेटामा रहेको इन्जिनमा अवतरण गर्नुअघि आगोको ज्वालासहितको धुवाँ निस्किरहेको देखिएको छ । यातायात मन्त्रालयले दुर्घटनाको वास्तविक कारण पत्ता लगाउन समय लाग्न सक्ने बताएको छ ।

# तुर्क-कुर्द भाईचारा सम्बन्ध मजबूत बनाउनु 'ऐतिहासिक जिम्मेवारी': डेम पार्टी



एएफपी

इस्तानबुल । जेलमा रहेका कुर्दिस्तान वकर्स पार्टी (पिकेके) नेता अब्दुल्लाह ओकालानले टर्कीको कुर्दिश समर्थक पार्टीको दुर्लभ प्रतिनिधिमण्डलसँग तुर्क-कुर्द सम्बन्धलाई मजबुत बनाउन महत्वपूर्ण रहेको र यस प्रक्रियामा योगदान गर्न आफू तयार रहेको बताउनुभएको छ ।

"तुर्क-कुर्द भ्रातृत्वलाई पुनः मजबुत बनाउनु ऐतिहासिक जिम्मेवारी मात्र होइन, टर्कीएका सबै जनताका लागि अत्यावश्यक तात्कालिकता पनि हो," ओकालानलाई उद्धृत गरी आइतबार डेम पार्टीद्वारा जारी विज्ञप्तिमा भनिएको छ । इस्तानबुल नजिकैको टापुमा जेलमा रहनुभएका ओकालानलाई पार्टीका दुई नेताले सरकारको सहमतिमा भेट गरेको एक दिनपछि यो वक्तव्य आएको हो ।एर्दोगानको सरकारले पिकेकेको संस्थापक नेता ओकालानलाई भेट्ने डेमको अनुरोधलाई शुक्रबार अनुमोदन गरेको थियो ।

टर्कीको राष्ट्रवादी एमएचपी पार्टीका प्रमुख डेभलेट बाहसेलीले ओकालानलाई आतङ्क त्याग्न र आफ्नो समूहलाई विघटन गर्न संसद्मा आमन्त्रण गरेको दुई महिनापछि यो कदम चालिएको हो ।'बाहसेली र एर्दोगानले सुरु गरेको नयाँ प्रतिमानमा सकारात्मक योगदान गर्ने क्षमता र अठोट मसँग छ," ओकालानले भन्नुभयो ।

भेटका अवसरमा ओकालानले भ्रमण दलले राज्य र राजनीतिक वृत्त दुवैसँग आफ्नो दृष्टिकोण साझा गर्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

उहाँले भन्नुभयो, "यस सन्दर्भमा म आवश्यक सकारात्मक कदम चाल्न र छलफललाई अघि बढाउन तयार छु।"२५ वर्षअघि पक्राउ परेका ओकलानलाई मृत्युदण्डको सजाय सुनाइएको थियो ।सन् २००४ मा टर्कीएले मृत्युदण्डको सजाय खारेज गरेपछि उहाँलाई फाँसीको सजाय भएको थियो । उहाँले पछिल्ला वर्षहरू इस्तानबुलको दक्षिणमा रहेको इमराली टापुमा रहेको एकान्त जेलमा बिताइरहनुभएको छ ।

राष्ट्रपति रेसेप तैयप एर्दोगानको राष्ट्रवादी सहयोगी एमएचपी पार्टीका नेता डेभलेट बाहसेलीले ओकलानलाई 'आतङ्क' त्याग्न र लडाकू समूहलाई विघटन गर्न संसद्मा आउन निमन्त्रणा दिएपछि शनिबारको दुर्लभ भ्रमण सम्भव भएको हो ।एर्दोगानले यो अपिललाई 'अवसरको ऐतिहासिक अवसर' को रुपमा व्याख्या गर्नुभएको थियो ।

# निलम्बित दक्षिण कोरियाली राष्ट्रपति तेस्रो पटक पनि अनुसन्धानमा प्रक्रियामा अनुपस्थित

एएफपी

सियोल । दक्षिण कोरियाका निलम्बित राष्ट्रपति युन सुक योलले आइतबार सोधपुछका लागि उपस्थित हुन गरिएको आग्रहलाई पनि अस्वीकार गर्नुभएको छ । यसअघि पनि उहाँले दुई पटकसम्म अनुसन्धानका लागि उपलब्ध हुन अस्वीकार गर्नुभएको थियो ।



दक्षिण कोरियाली नेता युनविरूद्धको महाभियोग प्रस्तावबारे अनुसन्धान गरिरहेका अनुसन्धानकर्ताहरूले उहाँलाई स्थानीय समय अनुसार आइतबार बिहान १० बजे सोधपुछका लागि उपस्थित हुन पत्राचार गरेका थिए । पूर्व अभियोजक युन गत बुधबारका लागि बोलाइएको सुनुवाइमा पनि उपस्थित हुन अस्वीकार गर्नुभएको थियो । गत डिसेम्बर १४ मा संसदले केही समयका लागि सैनिक कानुन लागु गरिएको घोषणा गर्नुभएको थियो । यद्यपि उक्त कदमलाई व्यापक विरोधपछि केही घण्टामा नै फिर्ता लिइएको थियो ।

उहाँको निर्णयले दक्षिण कोरियालाई दशकौँको सबैभन्दा खराब राजनीतिक सङ्कटमा धकेलेकोथियो।युनमाथिमहाभियोग र विद्रोहको फौजदारी अभियोग लागेको छ । यो अभियोग पुष्टि भएमा उहाँले आजीवन कारावास वा मृत्युदण्डसमेत पाउने सम्भावना रहेको छ ।नेता युनको कदमले विश्वभरका प्रजातान्त्रिक दक्षिण कोरियाका सहयोगीहरूलाई स्तब्ध बनाएको छ ।

"निलम्बित राष्ट्रपति युन सुक योल आज बिहान १० बजेका लागि बोलाइएको भ्रष्टाचार अनुसन्धान कार्यालय (सीआईओ) मा उपस्थित हुनुभएन," कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।"आगामी कदमबारे संयुक्त अनुसन्धान मुख्यालयले समीक्षा गर्नेछ र भविष्यका उपायहरूबारे निर्णय लिनेछ," विज्ञप्तिमा भनिएको छ ।आगामी दिनमा, सीआईओले युनलाई चौथो पटक सुनुवाईका लागि बोलाउने वा सोधपुछका लागि उपस्थित हुन बाध्य पार्न पक्राउ पुर्जी जारी गर्न अदालतलाई आग्रह गर्ने भन्ने निर्णय गर्ने अपेक्षा गरिएको छ।

उहाँमाथि अभियोजनकर्ताका साथै प्रहरी, रक्षा मन्त्रालय र भ्रष्टाचार विरोधी अधिकारीहरूको संयुक्त टोलीले अनुसन्धान गरिरहेको छ भने संवैधानिक अदालतले संसदले पारित गरेको महाभियोग प्रस्तावमा छलफल गरिरहेको छासीआईओल महाभियोगकोछमहिनाभित्रफैसला सुनाउनुपर्नेछ र महाभियोग सदर गरेमा अदालतबाट फैसला भएको ६० दिनभित्र उपनिर्वाचन गरिसक्नु पर्नेछ ।

पूर्व राष्ट्रपति पार्क ग्युन-हेलाई पनि यस्तै परिस्थितिमा महाभियोग लगाइएको थियो, तर संवैधानिक अदालतले उहाँलाई सत्ताबाट हटाएपछि मात्र उहाँमाथि अनुसन्धान गरिएको थियो। एएफपीलाई प्राप्त १० पृष्ठलामो अभियोजकको रिपोर्टमा युन सुक येओलले सैनिक शासन लागू गर्ने असफल प्रयासका क्रममा संसद्मा प्रवेश गर्न आवश्यक परेको खण्डमा सेनालाई हतियार प्रयोग गर्ने अधिकार दिएको उल्लेख छ ।

# विदेशी मुद्राको विनिमयदर



काठमाण्डु । नेपाल राष्ट्र बैंकले आइतबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ।

निर्धारित दरअनुसार, अमेरिकी डलर एकको खरिददर एक सय ३६ रुपैयाँ ५६ पैसा र बिक्रीदर एक सय ३७ रुपैयाँ १६ पैसा कायम भएको छ। युरोपियन युरो एकको खरिददर एक सय ४२ रुपैयाँ ४२ पैसा र बिक्रीदर एक सय ४३ रुपैयाँ ०४ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७१ रुपैयाँ ३७ पैसा र बिक्रीदर एक सय ७२ रुपैयाँ १२ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५१ रुपैयाँ ६२ पैसा र बिक्रीदर एक सय ५२ रुपैयाँ २९ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८४ रुपैयाँ ८५ पैसा र बिक्रीदर ८५ रुपैयाँ २२ पैसा, क्यानेडियन डलर एकको खरिददर ९४ रुपैयाँ ८३ पैसा र बिक्रीदर ९५ रुपैयाँ २५ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०० रुपैयाँ ४८ पैसा र बिक्रीदर एक सय रुपैयाँ ९२ पैसा निर्धारण गरिएको छ ।जापानी येन १० को खरिददर आठ रुपैयाँ ६६ पैसा र बिक्रीदर आठ रुपैयाँ ७० पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ७१ पैसा र बिक्रीदर १८ रुपैयाँ ७९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ३६ पैसा र बिक्रीदर ३६ रुपैयाँ ५२ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ४७ पैसा र बिक्रीदर ३७ रुपैयाँ ६३ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ०२ पैसा र बिक्रीदर चार रुपैयाँ ०४ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ १८ पैसा र बिक्रीदर ३७ रुपैयाँ ३४ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ५४ पैसा र बिक्रीदर ३० रुपैयाँ ६७ पैसा निर्धारण भएको छ ।साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ २६ पैसा र बिक्रीदर नौ रुपैयाँ ३० पैसा, स्विडीस क्रोनर एकको खरिददर १२ रुपैयाँ ४२ पैसा र बिक्रीदर १२ रुपैयाँ ४८ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ १० पैसा र बिक्रीदर १९ रुपैयाँ १८ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ५९ पैसा र बिक्रीदर १७ रुपैयाँ ६७ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४३ रुपैयाँ १३ पैसा र बिक्रीदर चार सय ४५ रुपैयाँ ०८ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ६१ रुपैयाँ ८९ पैसा र बिक्रीदर तीन सय ६३ रुपैयाँ ४८ पैसा, ओमनी रियाल एकको खरिदर तीन सय ५४ रुपैयाँ ६८ पैसा र बिक्रीदर तीन सय ५६ रुपैयाँ २४ पैसा तोकिएको छ। त्यसैगरी भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकिएको छ।

यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने राष्ट्र बैङ्कले जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुनेसमेत जनाइएको छ ।रासस

# सिँचाइ पुगेपछि भैँडाबारीको गौचरनमा तोरीखेती

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोट-११ मा पर्ने भैँडाबारी फाँटमा सिँचाइ सुविधा पुगेपछि यहाँको पहिचान विस्तारै फेरिँदै गएको छ। केही वर्ष अगाडिसम्म हिउँदमा सुक्खा भएर गौचरनका रूपमा प्रयोगमा आउने उक्त फाँट अहिले तोरीले पहैँलपुर भएको हो ।

पहिलो स्थानीय तहको निर्वाचन २०७४ बाट निर्वाचित भएर आउनुभएका जनप्रतिनिधिको प्रयासले विस्तारै यस ठाउँमा परिवर्तन देखिन थालेको स्थानीय बताउँछन् । गैँडाकोट नगरपालिकाले यहाँको जमिनलाई सिँचाइ सुविधा पुऱ्याउन बोरिङ गाड्ने र सिँचाइको कुलो बनाउने काम गरेसँगै परिवर्तन आएको हो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट चैतेधानको पकेट क्षेत्रका रूपमा परेको यो ठाउँ धानजोनमा परिणत हुन लागेको गैँडाकोट नगरपालिकाका प्रमुख मदनभक्त अधिकारीले जानकारी दिनुभयो। यहाँ बोरिङ र सिँचाइको व्यवस्था गर्दै दुईखेती धान फल्ने वतावरण सिर्जना गरिएको उहाँले बताउनुभयो।

"धानसँगै तोरी पनि उत्पादन गर्नका लागि तोरी पकेट क्षेत्र बनाउन हामीले यो वर्ष तोरीमा लगानी गरेका छौँ", नगरप्रमुख अधिकारीले भन्नुभयो, "कृषकहरूलाई करिब चार सय बिघामा तोरीखेती गर्न ५० प्रतिशत अनुदानमा बीउ वितरण गरेका छौँ ।" नगरपालिकाले यहाँको खेतबारीमा सिँचाइ सुविधासँगै बीउमा अनुदान दिँदा पूरै फाँटमा तोरी फुलेर पहैँलै भएको उहाँले बताउनुभयो । भैँडाबारीमा चैतेधानसँगै



बर्खेधान पनि लहलह झुल्दै आएको अधिकारीले बताउनुभयो । पालिकाले निरन्तर रूपमा सिँचाइको व्यवस्था गरेको भन्दै पालिकाले सहयोग गरेकाले किसान पनि उत्साहित भएर धान, तोरी, विभिन्न जातका तरकारी र सागसब्जी खेती गरिरहेका उहाँले उल्लेख गर्नुभयो ।

भैँडाबारीको केही क्षेत्रमा अझै सिँचाइ नपुगेको भन्दै यस वर्षको बजेटले भत्किएको बाँध मर्मत तथा थप बोरिङ निर्माणको व्यवस्था गरिएको नगरप्रमुख अधिकारीले बताउनुभयो। "हामीले क्रमशः अन्य वडामा खेती विस्तार गर्दै ठूला बोरिङहरू निर्माण गर्ने योजना बनाएका छौँ", उहाँले भन्नुभयो, "नमुनाका लागि वडा नं ११ मा उन्नत जातको तोरीको बीउ वितरण गरिएको छ। उत्पादन राम्रो भएमा तोरीखेतीलाई अझै विस्तार गरेर लैजाने योजनामा छौँ।"

तोरीको उत्पादनअनुसार पालिकाले बजारीकरणमा सघाउने नगरप्रमुख अधिकारीले बताउनुभयो । यहाँ उत्पादन हुने खाद्यान्न सामग्री बिक्री वितरणका लागि समस्या नभएको भन्दै पालिकाभित्रै ठूला मिलहरूसँग समन्वय गरिने उहाँले उल्लेख गर्नुभयो।

गैँडाकोट-११ का वडाध्यक्ष गोविन्दप्रसाद सुवेदीले यसअघिका वर्षमा भैँडाबारीमा तोरीखेती थोरैमात्रामा हुने गरेकामा पछिल्लो समय सिँचाइ सुविधा पुगेपछि खेती विस्तार हुँदै गएको बताउनुभयो । "केही किसानले लगाउने सबै तेरीखेतीमा लाईकीरा लागेर उत्पादन नहुने अवस्था थियो", उहाँले भन्नुभयो, "भैँडाबारी फाँटमा हिउँदको समयमा पानी हुँदैनथ्यो। अहिले सिँचाइ पुगेपछि हिउँदमा पनि फाँट हराभरा भएको छ।"

स्थानीय तह निर्वाचन २०७४ पछि यस ठाउँलाई परिवर्तन गर्नुपर्छ भन्ने सोचका साथ वडा र स्थानीय कृषक समूहको संयुक्त प्रयासमा हरेक वर्ष कुलो पक्की बनाउने र थप्ने, कुलोको छेउमा बाटो, बत्ती र पानी पुऱ्याउने योजनामा पालिकासँग समन्वय गरी अघि बढिएको वडाध्यक्ष सुवेदीले बताउनुभयो । गैँडाकोट-११ की कृषक चन्द्रकला महतोले दुई सय ५० किसानले चार सय बिघा क्षेत्रफलमा तोरीखेती गरेका बताउनुभयो । पहिला स्थानीय प्रजातिको तोरीखेती गरिने गरिएकामा नगरपालिकाको ५० प्रतिशत अनुदानमा 'मोरङ-२' र 'उन्नत' जातका बीउ दिएपछि त्यसकै खेती गरिएको उहाँको भनाइ छ।

केही वर्षदेखि यहाँ तीनखेती अन्न उब्जनी हुने गरेको उल्लेख गर्दै महतोले किसानलाई फाइदा हुँदा खेती गर्ने क्षेत्रफल र किसानको संख्या बढ्दै गएको बताउनुभयो। तोरीको उत्पादन राम्रो भएकाले व्यावसायिक तोरीखेतीतर्फ आफूहरू आकर्षित भएको उहाँको भनाइ छ । उत्पादन भएको अन्नबालीको बजारीकरणमा नगरपालिका र वडा कार्यालयले समन्वय गरिरहेकाले समस्या नभएको भन्दै कृषक समूहले बिक्रीको प्रबन्ध गरिदिने महतोले बताउनुभयो । बालीमा दिइने अनुदानका कार्यक्रमले किसानलाई खेतीतर्फ प्रोत्साहन गरिरहेको उहाँले अनुदान कार्यक्रमलाई बढाउँदै लैजानुपर्नेमा जोड दिनुभयो।

यसवर्ष गैँडाकोट नगरपालिकाको भैँडाबारी ब्लकमा चार सय बिघासँगै पालिकाभित्र करिब दुई हजार बिघा क्षेत्रफलमा तोरीखेती गरिएको छ। पालिकाले यस वर्ष चार सय बिघा क्षेत्रफलमा तोरीको बिउमा अनुदान दिएको छ । गैँडाकोट-११ लाई केन्द्रमा राखेर १२, १४ र १५ लाई पनि समेट्दै खेती विस्तार गर्ने तयारी गरिएको पालिका कार्यालयले जनाएको छ ।रासस

# समितिद्वारा तरकारी र फलफूलको मूल्य निर्धारण

काठमाण्डु । कालिमाटी फलफूल तरकारी विकास समितिले आइतबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो।

आइतबार गोलभैँडा ठूलो (भारतीय) प्रतिकेजी अधिकतम रु ९०, गोलभेडा सानो (लोकल) प्रतिकेजी रु ४०, गोलभेडा सानो (भारतीय) प्रतिकेजी रु ६०, गोलभेडा सानो (तराई) प्रतिकेजी रु ६०, आलु रातो प्रतिकेजी रु ५७, आलु रातो (भारतीय) प्रतिकेजी रु ४६, आलु सेतो प्रतिकेजी रु ४२, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ६८, गाजर (लोकल) प्रतिकेजी रु १५०, बन्दा (लोकल) प्रतिकेजी रु ४० कायम भएको छ।

यसैगरी बन्दा (तराई) प्रतिकेजी रु ३०, बन्दा (नरिवल) प्रतिकेजी रु ४०, काउली स्थानीय प्रतिकेजी रु ५०, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु ६०, काउली तराई ( प्रतिकेजी रु ३०, मूला रातो प्रतिकेजी रु ४०, मूला सेतो (लोकल) प्रतिकेजी रु ३५, सेतो मूला (हाइब्रीड) प्रतिकेजी रु ४५, भन्टा लाम्चो प्रतिकेजी रु ६०, भन्टा डल्लो प्रतिकेजी रु ७०, मकै बोडी प्रतिकेजी रु ७०, मटरकोसा प्रतिकेजी रु १४०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ८० घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ८० निर्धारण गरिएको छ।

समितिले तिते करेला प्रतिकेजी रु ११०, लौका प्रतिकेजी रु ७०, स्कुस प्रतिकेजी रु ३५, रायो साग प्रतिकेजी रु ३०, पालुङ्गो प्रतिकेजी रु



१००, चमसुर प्रतिकेजी रु १००, तोरीको साग प्रतिकेजी रु ५०, मेथी साग प्रतिकेजी रु १००, तरुल प्रतिकेजी रु ८०, च्याउ कन्य प्रतिकेजी रु १२०, च्याउ डल्ले प्रतिकेजी रु ३००, ब्रोकाउली प्रतिकेजी रु ६०, गान्टेमुला प्रतिकेजी रु ८०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, कागती प्रतिकेजी रु १३०, लोकल काँक्रो प्रतिकेजी रु १३० र एक केजी गुन्द्रुकको मूल्य रु ३०० तोकेको छ ।यसैगरी, झोले स्याउ प्रतिकेजी रु २६०, फुजी स्याउ प्रतिकेजी रु ३००, केरा प्रतिदर्जन रु १७० निर्धारण गरिएको छ ।रासस

# सल्लेरीवासीलाई पानीको चिन्ता, 'हिउँद नआए हुन्थ्यो लाग्छ'

इलाम ।फाकफोकथुम गाउँपालिका-३ सल्लेरी गाउँका पृथ्वीप्रसाद भण्डारीको सपना आँगनमा पानीको धारो बनाउने छ । "भालेको डाँकोसँगै उठेर डोको नबोके पानीको व्यवस्था गर्न सकिँदैन।

पानीको जोहोमै बित्छ बिहान", उहाँले भन्नुभयो, "जुरुक्क उठेर डोको बोक्यो, पानी खोज्न हिँड्यो। बिहान अरु काम गर्न भ्याइँदैन। सरकारले कहिले ठूलो आयोजना ल्याइदेला र आँगनमा धारा बनाउँ जस्तो भएको छ।"

सल्लेरी गाउँमा ९० परिवारको बसोबास छ। यहाँको मुख्य समस्या खानेपानी नै हो। गाउँमा पानीको स्रोत नहुँदा हिउँदमा हाहाकार हुने गरेको छ। नजिकै कुवा, खोला र खोल्सा छैन । केहीले छिमेकी गाउँबाट निजी लगानीमा पाइप बिछ्याएर पानी ल्याएका छन् भने अधिकांशले गाग्रीमा ओसारेर दैनिकी चलाइरहेका छन्।

बर्खामा अकासे पानी थापेर प्रयोग गर्ने गाउँलेलाई हिउँद सुरु भएपछि पानी अभावले हरेक बर्ष सताउने गरेको छ। "बर्खामा अकासे पानीको भर पर्नुपर्छ।

हिउँद त नआए हुन्थ्यो जस्तो लाग्छ । हामी अर्को बर्खाको पर्खाइमा छौँ", स्थानीय वेदप्रसाद पाण्डेले भन्नुभयो। "पल्ला गाउँमा जस्तै सबैको आँगनमा पानीको धारा भए हामी पनि ढुक्कले रोजगारीमा हिँड्न पाउँथ्यौँ। घरमै पानीको धारा बनाउने सपना पूरा




नहोलाजस्तो छ।"

गाउँको बीचमा कक्षा ५ सम्मको सल्लेरी प्राथमिक विद्यालय छ। विद्यालयमा एउटा धारा छ। तर धारोमा पानी आउँदैन। विद्यार्थीले घरबाट बोत्तलमा पानी लिएर पढ्न आउँछन्। पिउन मात्र होइन, शौच गर्न पनि समस्या छ। टिफिन समयमा टाढा धाएर बालबालिकाले पानी ओसार्छन् र प्रयोग गर्छन् । "सकेसम्म विद्यार्थीलाई पानीको अभाव हुन दिएका छैनौँ । तर, बोकेर सधैँ साध्य नहुने रहेछ। हामीलाई पनि गाह्रो छ, अभिभावकलाई पनि गाह्रो छ, हाम्रो गाउँको मुख्य समस्या नै पानी भयो", प्रधानाध्यापक तारादेव नेम्वाङले भन्नुभयो।

तीन तहका सरकारले खानेपानीको दिगो व्यवस्थापन गरिदिनुपर्ने स्थानीयको माग छ । "सङ्घीयतापछि आधारभूत आवश्यकता पूरा हुन्छ भन्ने सुनेका थियौँ । स्थानीय सरकार सञ्चालन भएकै आठ वर्ष भयो। हाम्रो गाउँमा खानेपानीको समस्या समाधान हुनै सकेन", स्थानीय भगिरथ भण्डारीले भन्नुभयो, "दुई पटक तीन तहको चुनाव भयो। सबै उम्मेदवार मत माग्न घरघरमा आउनुभयो। हामीले खानेपानीको समस्या सुनायौँ । भोलि नै समाधान गरिदिने जसरी आश्वस्त पार्नुभयो। तर, समस्या ज्यूँका त्यूँ देखिन्छ।"

फाकफोकथुम-३ का वडाध्यक्ष दीपेन्द्र लिम्बूले यहाँको खानेपानी समस्या समाधानका लागि काम सुरु गरिएको बताउनुभयो । "सिङ्गो वडामा पानी पुर्याउने उद्देश्यका साथ गत आर्थिक वर्षमा रु ८२ लाखमा पाँचवटा 'रिजर्भ ट्याङ्की निर्माण गरेका छौँ", वडाध्यक्ष लिम्बूले भन्नुभयो, "वडाको केन्द्र रहेको शुक्रबारे बजारमा २० लाख लिटर क्षमता भएको ट्याङ्की र अन्य ठाउँमा एक-एक लाख क्षमताको ट्याङ्की निर्माण भइसकेको छ । यस वर्ष पाइप विस्तारको काम हुनेछ।" घरघरमा पुर्याउने पाइपका लागि रु एक करोड बजेट रहेको र अब त्यो ठेक्कामार्फत अघि बढ्ने तयारी रहेको वडाध्यक्ष लिम्बूको भनाइ छ । नसुवा गैँडे मुहान, मुगेखोला मुहान, लोखरुम्बा खोला मुहानबाट आमचोकमा खानेपानी ल्याउने तयारी रहेको उहाँले बताउनुभयो।

गाउँमा भएको एउटा कुवा बारेर चार परिवारले पानी पाइपमा तानेर प्रयोग गरिरहे पनि पर्याप्त छैन । स्थानीय सन्त लुङ्गेलीले निजी लगानीमा २० एमएमको एक क्वाइल पाइप बिछ्याएर पानी ल्याउनुभएको छ । "बिग्रहन्छ, बनाउन हरेक दिनजसो जानुपर्छ। अरुको हेरी आफ्नो केही सहज जस्तो लाग्छ", लुङ्गेलीले भन्नुभयो, "गाउँमा आयस्रोत छैन । पाइप किन्न सबैले सक्दैनन् । कतिले मेरोबाट थापेर पनि लैजान्छन् । सबैलाई त पुग्दैन ।" सल्लेरीमात्र होइन यहाँ नजिकैको आमचोक बजार र खत्री गाउँको समस्या पनि उस्तै छ । पानी अभावले खाना पकाउन, लुगा कपडा धुन, गाईवस्तुलाई खुवाउन, सरसफाइ गर्न सबैथोकमा समस्या हुने गरेको स्थानीय बताउँछन्।

खानेपानी र सरसफाइको क्षेत्रमा काम गर्न स्थानीय तहलाई अधिकार दिएको छ । पालिकाभित्रका हरेक बासिन्दाको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषय पानी भएकाले यस क्षेत्रमा स्थानीय सरकार नै जिम्मेवार बन्नुपर्ने मानवअधिकार मञ्चका कार्यकारी निर्देशक देवेन्द्र विश्वकर्माले बताउनुभयो। "खानेपानी र सरसफाइको सुविधा सर्वव्यापी, न्यायोचित र पहुँचयोग्य बनाउन स्थानीय सरकार लाग्नुपर्छ। सल्लेरी गाउँमा पानी पुऱ्याउन सरकारको ध्यान जानुपर्छ", उहाँले भन्नुभयो ।रासस

# राहत प्रक्रिया सजिलो बनाइदिन बाँकेका वन्यजन्तु पीडितको माग

जानकी। "मेरो खोरमा बाँधेको खसी बाघले खाएको महिनौँ बितिसकेको छ, अहिलेसम्म राहत पाएकी छैन", राप्तीसोनारी गाउँपालिका-२ टिकुलीपुरकी सीमा केसीले भन्नुभयो-"बाख्रापालनबाट गरेको आम्दानीले घरखर्च चलाउँदै आएकी छु।"

वन्यजन्तुले वस्तुभाउ मारेपछि सरकारबाट राहत पाइन्छ भन्ने थाहा पाउनुभएकी केसीले सोहीअनुरुप कागजात जम्मा गरेर बुझाउँदा पनि समयमा आफूले राहत नपाएको गुनासो गर्नुभयो। राहत पाउने प्रक्रिया सहज बनाउनुपर्ने उहाँको माग छ। केसीले प्रक्रिया लामो र झन्झटिलो भएकामा दुखेसो पोख्नुभयो। "मैले सबै कागजात बुझाएकै छु, राहत पाउँछु भन्ने आशा छ। तर समय धेरै लाग्ने रहेछ। कागजात बुझाएको हप्ता-दश दिन लाग्ने व्यवस्था गरिदिए सजिलो हुने थियो", केसीले रासससँग भन्नुभयो।

केसीजस्तै अर्का स्थानीय सीताराम जैसी पनि बँदेल र बाघले मात्र नभई सुगाले पनि बाली खाएर नोक्सानी बेहोर्नुपरेको गुनासो गर्नुभयो। "मकैले दुधे दाना फलाउन पाएकै हुँदैन, सुगाका बथान आएर बारीभरिको बनाएको छ।"

राप्तीसोनारी-२ कचनापुरका विनोद मल्ल बाँदरको बथानले दिनदिनै घरभित्रका अन्न र पकाइएका खानेकुरा नष्ट गरिरहेका बताउनुभयो। बाँदर धपाउन सधैँ कोही न कोही घरमै बस्नुपर्ने बाध्यता भएको उहाँको भनाइ छ। "पकाएको खानेकुरामात्र नभई बारीमा फलेका हरियो तरकारी पनि बाँदरले नष्ट गर्दा हामी हैरान भएका छौँ। बाँदरले पुर्याउने नोक्सानीबाट जोगिन पनि एकजनाले घर कुरेर बस्नुपर्ने बाध्यता छ।"

कचनापुरकै सङ्गीताकुमारी थारूको पनि वन्यजन्तुका कारण भोग्नुपरेको पीडा उस्तै छ। "पहिले घरमा कुखुरा पाल्थ्यौँ, तर स्यालले खोरबाटै तानेर लैजान थालेपछि अहिले पाल्नै छाडेका छौँ", उहाँले भन्नुभयो, "घर कुरेर बस्ने हो भने स्कुल छुट्छ, स्कूल र अन्य कामका लागि बाहिर जाने हो भने घरखेतमा वन्यजन्तुको रजाइँ हुन्छ। वन्यजन्तुका कारण हामी पीडित छौँ ?"

वन्यजन्तुकै कारण पीडित सोही ठाउँकी मनकामना थारूले राहत प्रक्रियाका लागि आवश्यक कागजात र कार्यालय धाउँदा समय र पैसा दुवै खर्चिलो हुने गरेको बताउनुभयो। उहाँले भन्नुभयो,




मकै सखाप पारिदिन्छ", जैसीले भन्नुभयो, "फल लाग्ला र खाउँला भन्ने आशामा बाली लगाउँछौँ। सुगाले सखाप पार्ने गरेको छ।" जैसीले वन्यजन्तुसँगै पन्छीले पनि अन्नबाली स्याहार्न नदिएकाले खेतीबाली लगाउन जाँगर नै नलागेको बताउनुभयो।

सीमा र सीतारामजस्तै सोही ठाउँका पदमी पुनले ऐलानी जग्गा भएका कारण राहत पाउन नसकेको बताउनुभयो। "वन्यजन्तुबाट पीडित भएर राहत पाउनलाई खेतबारी पनि नम्बरी हुनुपर्ने रहेछ। ऐलानी भएकाले मेरो जति नै नोक्सानी भए पनि राहत पाउने कुरामा म पीडित नै छु", उहाँले भन्नुभयो, "जग्गा ऐलानी, त्यसमाथि सुगाका बथानले मकै, तोरी र धानबाली सखाप पार्छ। राहत केही पाइँदैन। यसले मजस्ता गरिब किसानको जीवन झनै कठिन

"कागजात जुटाउन र कार्यालय जान जति खर्च हुन्छ, राहतको रकमले त्यसलाई पनि धान्दैन। पीडित परिवारले राहतका लागि निवेदन दिनसमेत छाडेका छन्।"

बाँकेको राप्तीसोनारी-२ स्थित वन तथा वातावरण संरक्षण समन्वय समितिका अध्यक्ष कृष्ण केसीले स्थानीयका समस्या समाधान गर्न आफूहरूको ध्यानाकर्षण भएको बताउनुभयो। उहाँले राहत प्रक्रियाका क्रममा स्थानीयले भोगेका समस्या समाधान गर्न सम्बन्धित निकायमा समन्वयकारी भूमिका निभाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

वन्यजन्तुबाट पिडीत टिकुलीपुर र कचनापुरका स्थानीयले राहत प्रक्रियामा अन्य कागजातसँगै स्थायी लेखा नम्बर माग्दा समयमा राहत पाउन नसेकाले प्रक्रिया सहज बनाउन माग गरेका छन्। रासस

# व्यावसायिक प्याज खेतीमा जुट्दै किसान

मध्यविन्दु । नवलपरासी (बर्दघाट सुस्तापूर्व)कोकावासोतीनगरपालिका-१५ गोडारका किसान सामूहिक प्याजखेतीमा जुटेका छन्। शिवशक्ति कृषक समूह गठन गरी स्थानीय ३१ किसानले व्यावसायिक रूपमा प्याजखेती सुरु गरेका हुन्।

दुई बिघाा १० कट्ठा जमिन भाडामा लिएर प्याजखेती गरिएको शिवशक्ति कृषक समूहका अध्यक्ष पुष्पराज बराललले बताउनुभयो । "व्यावसायिक खेती गर्ने सल्लाहबमोजिम प्याज रोपिएको हो", उहाँले भन्नुभयो, "प्याजमा परनिर्भरता कम गर्ने उद्देश्य हो।"

पाँच कट्ठा जमिनमा प्याजको नर्सरी बनाएर १२ किलो बीउ लगाइएकामा रोपेर बाँकी रहेको बेच्दा रु ३१ हजार आम्दानी भएको अध्यक्ष बराललले जानकारी दिनुभयो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत मल, बीउ, कृषि सामग्रीलगायतमा रु एक लाख ४४ हजार बराबरको सहयोग प्राप्त भएपछि खेती गर्न थप हौसला मिलेको उहाँले बताउनुभयो।

"समूहका किसानले दैनिक श्रमदान गरी प्याज रोपेका छन्, अब समयअनुसार सिँचाइ र गोडमेल गर्नुपर्छ", अध्यक्ष बराललले भन्नुभयो, "बीउ उमारेर नेपाली र भारतीय प्रजातिको प्याजको बिरुवा रोपेका छौँ, बाँकी बिरुवा अन्य किसानले खरिद गरेका छन्।"

प्रतिकट्ठा न्यूनतम ६ क्विन्टलका दरले रु १२ लाख मूल्य बराबरको प्याज उत्पादन हुने अनुमान गरिएको अध्यक्ष बराललले बताउनुभयो । उत्पादन



लागत रु पाँच लाख रहेकामा यसबाट कम्तीमा रु सात लाख बचत हुने उहाँले बताउनुभयो । यसअघि व्यक्तिगतरूपमा खेती गर्ने गरिएको थियो। समूहमा खेती गर्दा काम गर्न सहज हुनुका साथै बिक्री र आम्दानी गर्न सकिने अध्यक्ष बरालको भनाइ छ । सरकारी निकायले प्रदान गर्ने कृषि अनुदान कार्यक्रममा समावेश हुन समूह दर्ता गरी खेती सुरु गरिएको शिवशक्ति कृषक समूहका उपाध्यक्ष एवं कावासोती नगरपालिका-१५ का वडासदस्य शिवप्रसाद काफ्लेले बताउनुभयो। सरकारी कार्यालयले कृषिमा धेरै बजेट विनियोजन गर्ने गरे पनि समूह दर्तालगायत प्रक्रियाका बारेमा जानकारी नहुँदा बजेट खेर जाने गरेको छ। गाउँमा बढ्दो बेरोजगारी र परनिर्भरता अन्त्य गर्न सामूहिक रूपमा प्रयास गरिएको उपाध्यक्ष काफ्लेले बताउनुभयो।

"गाउँमा बेरोजगारी बढेपछि सल्लाह गर्दा सामूहिकरुपमा कृषि कार्य गर्ने उपाय आयो। त्यसमा पनि प्याजखेती गर्ने सबैको सल्लाहअनुसार अगाडि बढेका हौँ", उहाँले भन्नुभयो, "श्रम गर्न सक्ने जनशक्ति खाली बस्नुपर्ने हुँदा सामूहिक श्रम गर्दै खेतीमा जुटेका हौँ।"

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ नवलपुरले व्यावसायिक प्याजखेतीका लागि कार्यक्रम सञ्चालन गरेपछि यस वर्ष जिल्लामा शिवशक्ति कृषक समूहजस्तै २५ समूह व्यावसायिक प्याजखेतीमा जुटेका छन्।

परियोजना कार्यान्वयन एकाइका प्रमुख सुनिलकुमार सिंहका अनुसार जिल्लामा २० बिघा जमिनमा प्याजखेती गर्ने योजनासहित रु १७ लाख बजेट विनियोजन गरिएको छ । नासिक रेड-५३ र रेड क्रियोल जातका प्याजको बीउ कृषक समूहलाई निःशुल्क वितरण गरिएको छ ।रासस

# दूधमती नदीको सीमांकन शुरु



**टुडे समाचारदाता**

जनकपुरधाम । ऐतिहासिक दूधमती नदीको संरक्षण तथा सम्वर्द्धन गर्ने उद्देश्यले आइतबारदेखि सीमांकनको काम शुरु भएको छ।

दूधमती नदीको उद्गम स्थल क्षीरेश्वरनाथ नगरपालिका वडा नम्बर ५ मा रहेको अरजवाँ गाउँबाट सीमांकनको काम थालिएको हो।

सो अवसरमा नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव, उर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादव, मन्त्रालयका सचिव जक्की अहमद अन्सारी, क्षीरेश्वरनाथ नगरपालिकाका मेयर सुखदेव यादव, लक्ष्मीनिया गाउँपालिकाका अध्यक्ष भोगेन्द्र झालगायतका जनप्रतिनिधिले संयुक्त रुपमा सीमांकनको शुभारम्भ गरेका थिए।

धनुषा र महोत्तरी क्षेत्रमा कुल २९ किलोमिटरको दूरीमा रहेको दूधमती नदीको सीमांकनको प्रारम्भिक चरणमा नक्सा अनुसार क्षेत्रफल निकालेर नापजाँच र पिलर गाड्नेसहित जग्गा छुट्याउने गरी पैनी खन्ने काम पनि थालिएको छ।

दूधमती नदी संरक्षण तथा सम्वर्द्धन उच्चस्तरीय उपसमितिद्वारा संचालित दूधमती नदी विकास परियोजना अन्तर्गत अतिक्रमणमा परेका नदीको जग्गा अतिक्रमण मुक्त र पुरिसकेको नदी क्षेत्रको उत्खनन् गरी नदीको सौन्दर्यकरण गरिने जनाएको छ।

सो कार्यक्रममा पूर्वमन्त्रीसमेत रहेका कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले दूधमती नदीको उकास र विकास भए धनुषा महोत्तरी मात्र नभइ नेपाल-भारत समेतका अन्य क्षेत्रका लागि यो एउटा ठूलो पर्यटकीय गन्तव्य रहेको बताए।

दूधमती नदी पर्यटकीय क्षेत्रमा रुपमा विकास भए क्षीरेश्वरनाथ नगरपालिका मात्र नभइ धनुषादेखि महोत्तरीसम्मका जनताका लागि आर्थिक विकासको ठूलो अवसर रहेको बताए।

सो कार्यक्रममा उच्चस्तरीय समितिका अध्यक्ष समेत रहेका मन्त्री शेषनारायण यादवले प्रदेश सरकारको ड्रीम प्रोजेक्टको रहेको बताए। परियोजनाबारे जानकारी गराउँदै उनले भने करीब ५ अर्बको बहुवर्षिय परियोजना अन्तर्गत रहेको यस योजना अन्तर्गत दूधमतीको बहाव क्षेत्र बाहेक दुवैतर्फ ११११ मीटर कालेपत्र सडक, उद्गम स्थलमा मन्दिर तथा पार्कसहित पोखरीको सौन्दर्यकरण, नदी बहाउ क्षेत्रमा पर्ने प्रत्येक गाउँगाउँ नजिक दूधमती र सीता माताको मन्दिरसहित पार्क, प्रत्येक २/२ किलोमिटरको दूरीमा ड्यामको व्यवस्था रहने जनाएको छ।

मधेश सरकारको उर्जा, सिचाई तथा खानेपानी मन्त्रालयले प्रारम्भिक चरणमा चालु आर्थिक वर्ष ०८१/०८२ मा २ करोड ५० लाख रुपैयाँ बजेट छुट्याइएको छ।

# म्याजिक नम्बर खेल्नेहरुको दिन समाप्त भयो

प्रधानमन्त्री ओलीले भने, "देशको अस्थिर र फोहोरी राजनीतिलाई समाप्त पारेर देशको समृद्धिका लागि एमाले र कांग्रेसको संयुक्त सरकार छ। मुलुकमा रहेका बेथिति, अस्थिरतालाई हटाउन यो सरकार बनेको हो ।"

**अनिल तिवारी**



वीरगन्ज । प्रधानमन्त्री केपी शर्मा ओलीले देशको अस्थिरता र फोहोरी राजनीतिलाई समाप्त पारेर देशको समृद्धिका लागि नेकपा एमाले- नेपाली कांग्रेसको संयुक्त सरकार बनेको बताएका छन्। पर्साको सखुवा प्रसौनी गाउँपालिकाको औराहा पचगावामा आइतबार आयोजित बृहत पार्टी प्रवेश कार्यक्रम तथा जनसभामा बोल्दै एमालेका अध्यक्ष समेत रहेका प्रधानमन्त्री ओलीले मधेशको विकास एमालेले नै गर्ने दाबी गरे।

उनले समीकरणको 'म्याजिक नम्बर' खेल्नेहरुको दिन समाप्त भएको बताउनु भएको छ । उनले बर्तमान समिकरको सरकार मुलुकलाई सहि दिशा दिन बनेको बताए।

प्रधानमन्त्री ओलीले भने, 'देशको अस्थिर र फोहोरी राजनीतिलाई समाप्त पारेर देशको समृद्धिका लागि एमाले र कांग्रेसको संयुक्त सरकार छ। मुलुकमा रहेका बेथिति, अस्थिरतालाई हटाउन यो सरकार बनेको हो।'

उनले विगतमा एमाले नेतृत्वको सरकारले थालनी गरेर बीचमा पार्टी सरकारमा नहुँदा अधुरा र अलपत्र परेका विकास निर्माणका योजनाहरु अहिलेको सरकारले सम्पन्न गर्ने बताए। प्रधानमन्त्री ओली भने, 'विश्वास गर्नुस् मधेश र देशलाई समृद्ध बनाउने काम एमालेले नै गर्छ, एमालेकै नेतृत्वले गर्छ, अहिलेको एमाले-कांग्रेसको संयुक्त सरकारले नै गर्छ, मधेश र देशको विकासको गति अब अगाडि बढिसक्यो, कसैले रोक्न सक्दैन।' उनले देश बनाउने एक मात्रै पार्टी नेकपा एमाले रहेको दाबी गरे।

एमालेले भन्दै आएको मिसन २०८४ का बारेमा प्रष्ट्याउँदै ओलीले भने, 'हामीले मिसन ८४ भनेका छौँ, अब हुने निर्वाचनबाट एमालेलाई निर्णायक राष्ट्रिय शक्तिका रुपमा स्थापित गर्न सके मात्रै एमालेको मिसन ०८४ सफल हुने हो । एमालेको एकल बहुमतको सरकार बन्यो भने मात्रै हाम्रो मिसन ८४ सफल हुन्छ ।' त्यसका लागि देशभरका एमाले नेता-कार्यकर्ता अहिलेदेखि नै एकजुट भएर अगाडि बढ्नु पर्ने उनले भनाइ छ।

मधेशका सामाजिक र आर्थिक समस्या, विकासका सन्दर्भमा एमाले जानकार रहेको बताउँदै उनले त्यो काम एमालेले नै गर्ने बताए।

मुलुकमा राजनीतिक क्रान्ति सम्पन्न भइसकेकाले अब आर्थिक उन्नति हुने क्रान्तिका लागि लाग्नु पर्नेमा जोड दिए।

उनले मधेशका जनताको जीवनस्तरमा सुधारका लागि हुलाकी राजमार्ग निर्माणको काम एमाले नेतृत्वकै सरकारले सुरु गरेको जिकिर गरे । उनले यसका साथै हुलाकी राजमार्गमै पर्ने क्षेत्रमा १० वटा स्मार्ट सिटी बनाउने योजना एमाले र अहिलेको सरकारको रहेको बताए। तराई-मधेशका १ लाख २५ हजार बिघा बढी जग्गामा सिँचाइका लागि सुनकोशी मरिन डाइभर्सनलाई सिँचाइ आयोजना निर्माणको कामपनि एमाले नेतृत्वकै सरकारले अगाडि बढाएको उनले बताए।

कृषिलाई आधुनिकीकरण गर्दै किसानको जीवनस्तर उकास्नका लागि ध्यान दिन एमालेका नेता कार्यकर्तालाई उनले निर्देशन दिए।

सो कार्यक्रममा प्रधानमन्त्री ओलीले सखुवा प्रसौनी गाउँपालिकाका पूर्वअध्यक्ष प्रदीप जयसवाल लगायतलाई अबिर टीका लगाएर एमाले पार्टीमा प्रवेश गराएका थिए। जयसवालको नेतृत्वमा सयौं नेता तथा कार्यकर्ताहरु एमालेमा प्रवेश गरेको कार्यक्रममा एमाले पर्साका सचिव महेश दासले जानकारी दिए।

# जनकपुर बोल्ट्सलाई गौरमा स्वागत

**टुडे समाचारदाता**

रौतहट । नेपाली क्रिकेटको इतिहासमा पहिलो पटक आयोजना गरिएको नेपाली प्रिमियर लिग (एनपीएल) सिजन १ को विजेता टोली जनकपुर बोल्ट्सलाई रौतहटको गौरमा भव्य रूपमा स्वागत गरिएको छ।




काठमाण्डुमा सम्पन्न एनपीएलमा उत्कृष्ट प्रदर्शन गर्दै ट्रफी जितेको जनकपुर बोल्ट्सका खेलाडीहरूलाई गौर नगरपालिकाका मेयर शम्भु साहको नेतृत्वमा स्थानीय संघ-संस्थाले विशेष सम्मान गरेको थियो।

मेयर साहले खेलाडीहरूलाई फूलमाला र सम्मानपत्र प्रदान गर्दै टोलीको जितलाई ऐतिहासिक उपलब्धि भएको बताए । सो कार्यक्रममा जनकपुर बोल्ट्सले मधेश प्रदेशको नाम विश्वभर चिनाएको भन्दै मेयर साहले खेलकुदको विकास र स्थानीय खेलाडीहरूको प्रोत्साहनका लागि आफ्नो तर्फबाट हरसम्भव सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। जनकपुर बोल्ट्सको जितलाई मधेश प्रदेशका आठ जिल्लामा समेत सम्मान गर्न व्यवस्थापन पक्षले ट्रफी र खेलाडीहरू लिएर भ्रमण गर्ने योजना बनाएको थियो। यसै क्रममा, आइतबार बिहान टोली गौर पुगेपछि स्थानीय बासिन्दाहरूले ठूलो उत्साहका साथ स्वागत गरे।

गौर नगरमा आयोजित विशेष समारोहमा क्रिकेट संघ रौतहटको तर्फबाट खेलाडीहरूलाई झाँकी प्रदर्शन गर्दै गौर राइस मिल्समा सम्मान गरिएको थियो । कार्यक्रममा स्थानीय विद्यालयका विद्यार्थीहरू, खेलप्रेमीहरू, संघ-संस्थाका पदाधिकारीहरू, र सयौं नागरिकहरूले सहभागिता जनाएका थिए। झाँकी प्रदर्शनले गौर नगरभर उत्सवमय वातावरण सिर्जना गरेको थियो । सम्मान कार्यक्रममा मेयर शम्भु साहले बोलेका थिए,जनकपुर बोल्ट्सको यो ऐतिहासिक जितले हाम्रो क्षेत्रीय खेलकुदको स्तरलाई नयाँ उचाइमा पुर्‍याएको छ । यसले युवा पुस्तालाई खेलकुदमा रुचि बढाउन प्रेरित गरेको छ । गौर नगरपालिका खेलकुद क्षेत्रको विकासका लागि सधैं तयार छ।

जनकपुर बोल्ट्सका खेलाडीहरूको आगमनले गौर नगरवासीहरूमा उत्साहको माहोल सिर्जना गरेको थियो । स्थानीय विद्यालयका विद्यार्थीहरूले टोलीलाई स्वागत गर्दै ब्यानर र प्लेकार्ड बोकेका थिए, जसमा "हाम्रो गौरव, हाम्रो बोल्ट्स" जस्ता नारा लेखिएका थिए। जनकपुर बोल्ट्सका व्यवस्थापनले ट्रफीको सम्मान भ्रमणलाई केवल विजय उत्सव मात्र नभई स्थानीय स्तरमा खेलकुदप्रतिको चासो र प्रोत्साहन बढाउने माध्यमको रूपमा लिएको छ। टोलीले मधेश प्रदेशका आठ वटै जिल्लामा भ्रमण गर्दै स्थानीय खेलाडीहरूसँग अन्तर्क्रिया गर्ने योजना बनाएको छ।

जनकपुर बोल्ट्सलाई गौरमा गरिएको भव्य स्वागतले नेपाली क्रिकेटप्रति बढ्दो रुचि र खेलाडीहरूको सम्मानप्रति गहिरो सन्देश दिएको छ । यो स्वागत कार्यक्रमले न केवल जनकपुर बोल्ट्सको ऐतिहासिक जितलाई थप उजागर गरेको छ, बरु खेलकुदप्रति स्थानीय समर्थन र भविष्यका खेलाडीहरूलाई प्रेरणा पनि प्रदान गरेको छ।

# ल्याउन लागेको अध्यादेशप्रति कर्मचारीको आपत्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले ल्याउन लागेको स्थानीय सेवा (गठन, सञ्चालन) ऐन २०८१ सम्बन्धी पहिलो संसोधन अध्यादेशप्रति स्वास्थ्य सेवाका कर्मचारीहरुले आपत्ति जनाएको छ।




स्थानीय सेवा (गठन, सञ्चालन) ऐन २०८१ सम्बन्धी पहिलो संसोधन अध्यादेशप्रति कर्मचारीले असन्तुष्टि जनाएका हुन् । अध्यादेशको व्यवस्थाप्रति असन्तुष्टि जनाएको छ। कर्मचारीहरुले आइतबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि धर्ना तथा जुलुस निकालेका छन्।

स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन नेपाल मधेश प्रदेशका महासचिव सुरेश कुमार रोहिताले अध्यादेशले वर्षौदेखि स्वास्थ्य सेवामा काम गरिरहेका कर्मचारीमाथि अन्याय गरेको बताए । 'वर्षौदेखि स्वास्थ्य सेवामा काम गरिरहेका कर्मचारीलाई अध्यादेशले समेट्ने छैन, अन्याय गरेको छ,' उनले भने, 'यो अन्यायका विरुद्ध हामी सशक्त आन्दोलन गर्छौं।'

अध्यादेश ल्याइए सिनियर कर्मचारी जुनियर र जुनियर कर्मचारी सिनियर हुने उनले बताए । अध्यादेश ल्याउनुअघि नियमावली बन्नुपर्ने र विभिन्न ट्रेड यूनियन तथा सरोकारवालाहरुसँग छलफल गर्नुपर्ने आवश्यकता रहेको पनि बेवास्ता गर्नु दुःखद रहेको उनले बताए।

मधेश प्रदेश स्थानीय सेवा (गठन, सञ्चालन) ऐन २०८१ को पहिलो संसोधन अध्यादेशको ड्राफ्टको दफा ४ को उपदफा ६ थप गर्ने 'ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समान पद र तहमा समायोजन भइ यो ऐन जारी हुँदा बखतसम्म स्तरवृद्धि वा तहबृद्धि नपाएका स्वास्थ्य सेवाका कर्मचारीलाई समायोजन भएका मितिबाट ज्येष्ठता कायम हुने गरी अख्तियारवालाले एक पटकका लागि एक तह स्तरवृद्धि गरिदिने उल्लेख छ।'

यस विषयमा मुख्यमन्त्री तथा प्रदेशका अन्य मन्त्रीहरुलाई विभिन्न संगठनहरुले पटक-पटक ध्यानाकर्षण समेत गराएको हेल्थ असिस्टेन्ट संघ मधेश प्रदेशका संयोजक धीरेन्द्र यादवले जानकारी दिए।

# तराई-मधेशकेन्द्रित दलहरुबीच सहकार्यका लागि जसपा नेपाल सकारात्मक



**टुडे समाचारदाता**

जनकपुरधाम । तराई-मधेश केन्द्रित सम्पूर्ण राजनीतिक दलहरुबीच सहकार्यका लागि पहल थालेको हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी नेपालले वार्ता र सम्वादलाई तीव्रता दिएको छ।

यसै क्रममा आइतबार जप्रपाका अध्यक्ष त्रिपाठी, वरिष्ठ उपाध्यक्ष डा.शिवजी यादव र पूर्वमन्त्री ईश्वरदयाल मिश्रसहितको टोलीले जनता समाजवादी पार्टी नेपालका नेता राजकिशोर यादवसँग सम्वाद गरेको थियो।

संविधान संशोधन र नेपालको वर्तमान अवस्थाबारे साझा एजेण्डासहित एकीकृत शक्ति निर्माणका लागि जसपा नेपालसँग गहन छलफल भएको जप्रपाका नेता एवं पूर्वमन्त्री मिश्रले जानकारी दिए।

उनले जनता प्रगतिशील पार्टीको प्रस्तावप्रति जसपा नेपाल सकारात्मक रहेको बताए । उनले जसपा नेपाल पनि मधेशी दलहरुबीच सहकार्यका लागि तयार रहेको बताए।

जसपा नेपालसँगको वार्ता सकारात्मक रहेको बताउँदै नेता मिश्रले यसबारे थप छलफलका लागि आगामी दिनमा फेरि छलफल हुने स्पष्ट पारे।

जप्रपा नेपालका हृदयेश त्रिपाठीले तराई-मधेश केन्द्रित दलहरुबीच सहकार्यका लागि वरिष्ठ उपाध्यक्ष डा. शिवजी यादवको संयोजकत्वमा तीन सदस्यीय वार्ता टोली गठन गरेको बताए। जप्रपा नेपालको वार्ता टोलीमा ईश्वरदयाल मिश्र र मोहम्मद साबिर हुसेन सदस्य छन्।

# 'केन्द्रको हस्तक्षेपले गर्दा प्रदेश राम्ररी चल्न सकेन'

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले केन्द्रको हस्तक्षेपले गर्दा प्रदेश राम्ररी चल्न नसकेको बताएका छन्।




जनकपुरधाममा आइतबार नेपाल प्रेस युनियन धनुषाले गरेको पत्रकार सम्मेलनमा बोल्दै नेता डा. कोइरालाले केन्द्रले संघीयताको मर्म नबुझेका कारण निजामती कर्मचारी ऐन, शिक्षा ऐन, प्रहरी ऐनलगायतका ऐन अहिलेसम्म पनि बन्न सकेको र यसमा आफू स्वयम् पनि जिम्मेवार रहेको बताए।

मधेश प्रदेश मात्र नभएर सात वटै प्रदेशमा यसले प्रभाव परिरहेको उनको भनाइ छ। उनले यसमा कांग्रेस लगायत केन्द्रमा भएका सम्पूर्ण पार्टी उतिनै जिम्मेवार रहेको बताए।

उनले यसको समाधानका लागि जतिसक्दो निजामती कर्मचारी ऐन, प्रहरी ऐन, शिक्षा ऐन ल्याउन आवश्यक रहेको बताउँदै डा. कोइरालाले भने, 'प्रहरी ऐन नभएका कारण सिडिओ र प्रहरीले नटेरेको अवस्था रहेकाले तत्काल यी ऐन नल्याए प्रदेश चल्ने अवस्था छैन।

सिडिओलाई प्रदेशको गृह मन्त्रीले चलाउन नसक्ने अवस्था रहेकोले नियम कानुन बनाएर दिन आवश्यक रहेको उनले बताए । उनले पार्टी सभापतिसँग आफ्नो कुनै मतभेद नरहेको बताए।

डा. कोइरालाले सभापतिसँगै आफ्नो पूर्ण सहकार्य एवं समन्वय भएको बताउँदै पार्टीमा कुनै प्रकारको विवाद र मतभेद नभएको बताए।

उनले पार्टीभित्र भएका बहसलाई सञ्चारमाध्यमले बढाइचढाई लेख्ने गरेको बताए। उनले गगन थापा आफूहरूसँग नै रहेको भन्दै आगामी महाधिवेशनमा पार्टी सभापतिमा उम्मेदवारी दिने विषयमा कुनै कुराकानी नभएको बताए।

उनले पार्टीमा १५ वर्षसम्म महाधिवेशन प्रतिनिधि भएका कुनै पनि नेता सभापति पदका लागि उम्मेदवार बन्न सक्ने वैधानिक व्यवस्था रहेको बताए। गगन थापा र पूर्वराजाबीच भेटवार्ता भएको विषयमा आफूलाई कुनै जानकारी नभएको उनको भनाइ छ।

त्यस्तै डा. कोइरालाले राजनीतिक स्थायित्वका लागि कांग्रेस र एमालेबीच गठबन्धन बनाएर सरकार बनाउनुपरेको बताए।

उनले संविधानलाई सुधार गर्नका लागि पनि दुई दल मिल्नुपरेको बताए । उनले संविधान सुधारका लागि दुई दलबीच गृहकार्य सुरू भइसकेको भन्दै कोइरालाले अन्य दलहरूसँग मिलेर अघि बढ्नुपर्ने बताए।

अहिलेको गठबन्धन सरकार दुई पार्टीको सहमतिको आधारमा बनेकाले अबको डेढ वर्षपछि प्रधानमन्त्री केपी शर्मा ओलीले कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री पद हस्तान्तरण गर्ने र कांग्रेसको नेतृत्वमा २०८४ को निर्वाचन हुने उनले दाबी गरे।

**कृषि उत्पादन बढाऔं**

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- स्थानीय बीउविजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगमा जोड दिऔं,
- कृषि तथा पशुपन्छीपालन सम्बन्धी तालिम लिऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपन्छीहरुमा समस्या देखिएमा स्थानीय तहका कृषि प्राविधिकहरुसंग सल्लाह सुझाव लिऔं,
- कृषि पेशाको सम्मान गरौं, कृषकहलाई प्रोत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८